CC-0. In Public Domain. Digitization by eGangotri

विज्ञान, भक्ति र धर्म

निर्मलमणि अधिकारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विज्ञान, भक्ति र धर्म

लेखक

निर्मलमणि अधिकारी, पीएच.डी. र पोस्ट्डक्टरेट्, एम.फिल्., एम.ए.
सहप्राध्यापक, भाषा तथा आमसञ्चार विभाग,
स्कूल अफ् आर्ट्स्, काठमाडौं विश्वविद्यालय।
हात्तीवन, ललितपुर, नेपाल

प्रकाशक

प्रगतिवादी युवा समाज नेपाल
काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृति : विज्ञान, भक्ति र धर्म
लेखक : 'आयोदधौम्य' निर्मलमणि अधिकारी
प्रकाशक : प्रगतिवादी युवा समाज नेपाल, काठमाडौं
सर्वाधिकार : © निर्मलमणि अधिकारीमा सुरक्षित ।
प्रथम संस्करण : वि.सं. २०७६ (सन् २०२०)
ISBN. : 978-9937-0-7014-0
मुद्रक : डिजिटल प्रिन्टलिङ्क, भक्तपुर, ०१६६२०५५५
मूल्य : रू. १२५/–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

आयोदधौम्यको लेखनीबाट जन्मेको "धर्म र विज्ञान" शीर्षक भएको लामो लेख वि.सं. २०५३ मा पहिलो पटक प्रकाशित भएको थियो र त्यो लेख अनेक पत्रपत्रिकामा पुनः छापियो । सोही लामो लेखलाई वि.सं. २०५३ मै धर्म र विज्ञान शीर्षकमै ५ सय प्रति तयार पारी तरङ्ग साहित्यिक अभियानले वितरण गरेको थियो । धेरै पाठकहरुले निकै मन पराएको सो कृतिमा परिष्कार समेत गरी वि.सं. २०६१ मा *वैज्ञानिकतायुक्त धर्म धार्मिकतायुक्त विज्ञान* शीर्षकको पुस्तिका तयार भयो र युग निर्माण अभियान नेपालले प्रकाशनमा ल्यायो । निर्मलमणि अधिकारी (आयोदधौम्य) को लेखनीबाट सृजित कृति मीमांसादर्शन निर्देशन (वि.सं. २०६२) प्रकाशित हुँदा सो कृतिको परिशिष्ट खण्डमा "वैज्ञानिकतायुक्त धर्म धार्मिकतायुक्त विज्ञान" पनि समावेश भयो । यसरी एकैजना लेखकको एउटै कृति अनेकौं रूपरङ्गमा पाठकहरुसम्म आइपुगेको थियो । विगत केही वर्षदेखि सो कृतिको माग झन् बढेर गएको छ ।

"निर्मल-भक्ति-मार्ग" सुरुमा पत्रिकामा धारावाहिक प्रकाशित भएको थियो र वि.सं. २०६१ मा *निर्मल-भक्ति-मार्ग* पुस्तिका युग निर्माण अभियान नेपालले छापेर वितरण गरेको थियो । भक्तियोग, ज्ञानयोग र कर्मयोगको समन्वय गरिएको उक्त कृति पनि पाठकहरुलाई निकै मन पर्‍यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वि.सं. २०७२ मा स्थापना भएको जरो किलो महाअभियानको प्रचार तथा साङ्गठनिक विस्तारमा वृद्धिसँगै युगद्रष्टा गुरु डा. निर्मलमणि अधिकारीका दशकौं पुराना रचना, लेख, पुस्तकहरु खोजी खोजी पढ्ने ठूलो जनसमुदाय खडा भएको छ । मुख्यतः उहाँहरुकै आग्रहवश प्रस्तुत पुस्तक जन्मेको हो । यो पुस्तकमा आयोदधौम्य (निर्मलमणि अधिकारी) द्वारा लिखित एवं वि.सं. २०६१ मा युग निर्माण अभियान नेपालद्वारा प्रकाशित दुइटा पुस्तिकाहरु (*वैज्ञानिकतायुक्त धर्म धार्मिकतायुक्त विज्ञान* र *निर्मल-भक्ति-मार्ग)* लाई समावेश गरिएको छ ।

यसरी, प्रस्तुत पुस्तक *विज्ञान, भक्ति र धर्म* डा. निर्मलमणि अधिकारीद्वारा उहिल्यै लेखिएका दुइटा पुस्तिकाहरुको समन्वित रूप हो । पुस्तकको अन्तर्वस्तु नित्य-नवीन छ । तसर्थ, पाठकहरुका लागि यो सदैव उपयोगी हुनेछ ।

प्रगतिवादी युवा समाज नेपालको मार्गनिर्देशक सिद्धान्त युगद्रष्टा गुरु डा. निर्मलमणि अधिकारीले अभिनिर्माण गर्नु भएको "स्थितिगत्यात्मक प्रगतिवाद" हो । उहाँले यो पुस्तक प्रकाशन गर्ने अवसर प्रगतिवादी युवा समाज नेपाललाई दिनु भएको हामी गौरवान्वित भएका छौं ।

धिरेन्द्र चन्द सोडारी
अध्यक्ष, प्रगतिवादी युवा समाज नेपाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

पहिलो खण्ड
वैज्ञानिकतायुक्त धर्म धार्मिकतायुक्त विज्ञान

दोस्रो खण्ड
निर्मल-भक्ति-मार्ग

उपसंहार

सन्दर्भ सामग्री सूची

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो खण्ड

वैज्ञानिकतायुक्त धर्म धार्मिकतायुक्त विज्ञान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैज्ञानिकतायुक्त धर्म धार्मिकतायुक्त विज्ञान

✍ 'आयोदधौम्य' निर्मलमणि अधिकारी

विज्ञानलाई ज्ञानको खोजी गर्ने सुसङ्गत, प्रणालीबद्ध, वस्तुनिष्ठ, परीक्षणीय, विश्वास्य एवं प्रामाणिक पद्धति भनेर मान्ने भएकाले विज्ञानको धर्मसँगको समन्वय सहज, स्वाभाविक, आवश्यक मान्छु म त ! धर्मको तात्पर्य "रिलिजन" वा "मजहब" वा "सम्प्रदाय" होइन । धर्म त पद्धति, विधि, गुण, धारणा, चरित्र, आचारविचारको नियमन गर्ने नित्य सिद्धान्त हो । धर्मले आधिभौतिक र आधिदैविक (मानसिक) जीवनलाई त नियमन गर्छ नै, आध्यात्मिक पुरुषार्थ (अर्थात् मोक्ष) पनि धर्मको पद्धतिको माध्यमबाटै प्राप्तव्य हो ।

धर्मको विवेक वैज्ञानिकहरुका लागि पनि उत्तिकै आवश्यक छ, जति सर्वसाधारणका लागि आवश्यक छ । विज्ञानको पद्धति धार्मिक हौं भन्नेहरुलाई पनि उत्तिकै आवश्यक छ, जति धर्म नमान्ने भन्नेहरुका लागि आवश्यक छ । धर्म र विज्ञानको समन्वय त युगीन एवं सार्वजनीन आवश्यकता हो ।

'धर्म' र 'विज्ञान'बीचको अन्तरसम्बन्ध कस्तो हुन्छ वा हुनु पर्ने हो भन्ने बारेमा धेरै चिन्तन-मनन भइसकेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो यस्तो विषय हो, जसबारेमा आउँदा दिनहरूमा अझै बढी चर्चा-परिचर्चा हुनेछ। यदि नहुने छाँटकाँट देखिएमा समाजका विद्वत्जनले यस सम्बन्धमा हल्लाखल्ला मच्चाइहाल्नु पर्दछ। कुनै युगमा पनि मानवलाई 'धर्म' र 'विज्ञान'को आलोकबाट पर रहन दिनु हुँदैन। यिनका स्वरूप तथा यी दुईबीचको अन्तरसम्बन्ध सर्वसाधारण जनसमुदायलाई बोध भई मानिसले वैज्ञानिकतायुक्त धर्म एवम् धार्मिकतायुक्त विज्ञान अवलम्बन गरेको दिनमा हाम्रो संसारका समस्याहरू समाधान हुनेछन् भन्नेमा म विश्वस्त छु। मानिसले पल-पल वास्ता गर्नु पर्ने, तर त्यतिधेरै चासो दिन नसकेका विषय-वस्तु हुन् 'धर्म' र ' विज्ञान'।

म कुनै नौलो कुरा गरिरहेको छैनँ र म भन्दा पहिले पनि धेरैजनाले यी दुईको संयोजनका लागि जोड दिँदै आएका छन्; तथापि नदीका दुई किनारा कदापि नभेटिएजस्तै धर्म र विज्ञानको पनि मिलन-विन्दु हुनै सक्दैन भन्ने सोच्नेहरू यत्र-तत्र पाइन्छन्। आध्यात्मिकता र वैज्ञानिकता एकदमै विपरित ध्रुवमा छन् भन्छन् कतिपय मानिसहरू। साँच्चै अधिकाधिक मानिसहरू धर्म र विज्ञान एक-आपसमा विकर्षित हुने विषय-वस्तु ठान्छन्। यस्तो परिवेशमा हामीमध्ये पनि धेरैलाई उही भ्रमले गाँज्नु आश्चर्यको कुरो होइन। तर यस्तो भ्रमलाई निवारण गर्नु आवश्यक छ। कम्तीमा पनि मान्छेहरूलाई झक्झक्याइ रहनु जरुरी छ कि 'धर्म' र 'विज्ञान' लाई परस्पर विरोधी भन्ठान्ने तिम्रो सोच गलत छ।

कतिपय व्यक्तिहरु, पढेलेखेका र प्रवचन गरिहिँड्ने व्यक्तिहरु नै पनि, गलत कुरा भनिरहेका हुन्छन्कि जहाँ विज्ञान समाप्त हुन्छ, त्यहाँबाट धर्म / अध्यात्म सुरु हुन्छ। त्यस्तो मतलाई वैदिक मान्यताले गलत ठहर्‍याउँछ। विज्ञानको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जगमा अध्यात्म प्रतिष्ठित हुने हो । स्थूल, सूक्ष्म र कारण शरीरहरु परस्पर सम्बद्ध छन् । अविद्या र विद्या दुइटैमा पूर्णता भएर अमृत (मोक्ष) पाइने हो । धर्म र अध्यात्मलाई त परस्पर नमिल्ने तत्त्व हुन्कि झैँ चर्चा गर्ने गर्छन् कतिपयले, तर वैदिक मान्यतामा धर्मको सिद्धान्त वा नियमले आधिभौतिक, आधिदैविक र आध्यात्मिक सबैलाई समावेश गर्छ । धर्म सर्वोपरि हो किनभने यो पद्धति, नियम, सिद्धान्त, मार्गनिर्देशन हो र अर्थ, काम र मोक्ष त धर्मको पद्धति पूरा गरेपछि प्राप्त हुने पुरुषार्थ हुन् ।

धार्मिकता र वैज्ञानिकता, दुबैको लक्ष्य सत्य उद्घाटन गर्नु नै हो । 'धर्म' र 'विज्ञान' प्रक्रियागत रूपमा कसरी फरक छन् भने विज्ञान भौतिक जगत्को जगमा स्थित जिज्ञासाको घरमा बसेर सत्यको अन्वेषण गर्दछ भने धर्म आन्तरिक रुपमा आत्मामा प्रतिष्ठित भएर एवं समस्त आचारविचारमा अवलम्बित भएर सत्यको साक्षात्कार गर्दछ । अर्को तरिकाले भन्नु पर्दा, धर्म प्रायः शाश्वत् सत्य को उद्घाटनप्रति बढी झुकाउ राख्दछ भने विज्ञानलाई पहिले सापेक्ष सत्य जान्ने चासो पर्दछ । भुल्नै नहुने तथ्य के हो भने सापेक्ष सत्यहरु नजानी शाश्वत् सत्य जानिँदैन । तसर्थ, धर्मको आधार विज्ञान हो र विज्ञानको पनि संतृप्त अवस्थामा पुग्नु पर्ने ठाउँ त्यहीँ हो, जहाँ धर्मले लैजान्छ ।

यहाँनेर ज्ञातव्य कुरा के छभने दार्शनिकहरू विविध प्रकारका छन् : कोही शाश्वत सत्य को उद्घोष गर्नेहरू; अनि कोही सापेक्ष सत्य को उद्घोषण गर्नेहरू । शाश्वत सत्य उद्घोषण हो धर्मको क्षेत्र; यता सापेक्ष सत्य उद्घोषण विज्ञानको क्षेत्र हो । शाश्वत सत्य लाई समयको प्रवाहले कुनै फरक पार्दैन; त्यसैले अनेक युगमा जति ऋषि, सन्त, महात्मा, ज्ञानी, गुरु, आचार्य, योगी अवतरित भए पनि तिनीहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बारम्बार उही कुरा दोहोऱ्याउने गरेका हुन् । वेदपश्चात् आएका उपनिषद्कालीन ऋषि देखि लिएर तिनका उत्तरवर्ती बुद्ध, तीर्थङ्कर, गुरु, सबैले उनै कुरा बताइरहेका छन्; यद्यपि शैली फरक छ, भाषा फरक छ, हावभाव फरक छ । तर गुदी कुरो उही हो । भनेको गुदी कुरो त उही हो; परन्तु भन्नेका शैली र ग्रहण गर्नेका ल्याकतले पो फरक पारेको छ ।

भौतिक विज्ञानका महारथीहरूका प्राप्तिका सार पनि ती भन्दा फरक छैनन् । ब्रुनोको विद्रोह चर्चको पापाचार र अवैज्ञानिकताको विरुद्धमा थियो । कान्ट्ले अस्वीकार गरेको पनि चर्चको अँध्यारो अबौद्धिकता थियो । नित्चेले मृत्यु घोषणा गरेको "गड्" त पादरीहरुको कल्पनाको, पोपको हालीमुहालीको उपकरण बनेको "गड्" अवधारणाको थियो ।

सापेक्षसत्य का अनुयायीहरु युगानुसार प्रासंगिक वा अप्रासंगिक ठहरिने हुन्छन् । हिजोका वैज्ञानिकका सिद्धान्त र सूत्रहरू आज मिल्दैनन् र आजका सिद्धान्त र सूत्रलाई भोलीका वैज्ञानिकले अझ विकास गर्नेछन् । धर्मकै नाममा आएका भए तापनि असत्य कुराहरू समयक्रममा त्यागिँदै छन् । तिनमा रहेका शाश्वत सत्य मात्र सदैव स्वीकार्य रहने हुन् । वास्तवमा सापेक्ष सत्य र शाश्वत सत्य बीचमा तालमेल मिलाउन कठिन छ । तर नमिलाई सुखै छैन । युगका अगुवाहरुले 'शाश्वतसत्य' र 'सापेक्षसत्य' दुबैको गतिसँग आफ्नो हिंडाइलाई तालमेल मिलाउनु पर्दछ । हाम्रो युगलाई पनि त्यसकिसिमको तालमेलको आवश्यकता छ ।

धर्म र विज्ञान यी दुबैको लक्ष्य उन्नति, प्रगति, विकास र सुख नै हो; अनि मानव कल्याण र शान्ति नै हो । सफलता-असफलता तथा सदुपयोग-दुरुपयोग चाहिँ पछिल्ला कुरा हुन् । उदाहरण खोज्न थाल्ने हो भने धर्मको पनि सदुपयोग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र दुरुपयोग दुवै थोक गरेको पाइन्छ भने विज्ञानको पनि सदुपयोग र दुरुपयोग दुवै थोक गरेको पाइन्छ। कुनै उदाहरण विशेषलाई औँल्याएर छारो उडाइरहनु र त्यसैलाई सार्वजनीन ठान्नु मूर्खता हो। यो त पात्रता अनुसार फरक पर्ने कुरा हो। वास्तविकतामा धर्म र विज्ञानबीचमा कुनै मौलिक विरोध छैन।

विज्ञानको प्राथमिकता बाह्य स्वरूपलाई छ भने धर्म आत्मिक चैतन्यको पक्ष लिन्छ। उही रुखका हाँगाबिँगाहरू जतासुकै फर्कून् न, जरा त एउटै हो। स्वाभाविक विविधतालाई देखेर एकत्व नदेख्नु कहाँसम्मको मूढता !

मानवलाई धर्म र विज्ञान दुबैले अरु सबै जीवभन्दा उच्चतहमा राखेका छन्। यो मानव शब्द बनेको छ तीन अक्षर मिलेर। मा - अज्ञान, अविद्या। न - बिना। व - वर्तन (कार्य)। अर्थात्, अज्ञान-अविद्या त्यागेर कार्य गर्नेलाई मानव भनिएको छ। अज्ञान त्याग्नु भनेको ज्ञान प्राप्तितर्फ लाग्नु हो, ज्ञान प्राप्त गर्नु ज्ञानी बन्नु हो, ज्ञानी बन्नु भनेको आफू र आफ्नो जगत् तथा त्यसको कारण जान्नु हो। यसरी आत्मज्ञानको स्थितिमा पुगेपछि आत्मज्ञान नै परमात्मा- ज्ञान (ईश्वरप्राप्ति) को सोपान हो र ईश्वर वा ब्रह्मतत्व साक्षात्कार गर्नु नै परमसत्य हो। मानवको परमलक्ष्य 'मोक्ष' हो।

हाम्रा धर्मशास्त्रहरूले बारम्बार हामीलाई बताइरहेका छन् – धर्म नै सत्य हो। धर्मबिना मानव व्यर्थ छ। अनि त्यो वैज्ञानिक, जसको लक्ष्य नै जीवन र जगत्को सत्य अन्वेषण गर्नु हो, कसरी परमसत्य ब्रह्मतत्वबाट पर रहन सुहाउँछ ? उसको खोज नै सत्यतर्फ परिलक्षित हुने हुँदा ध्रुवसत्य एवं परमसत्य परब्रह्मलाई वैज्ञानिकले नकार्न मिल्दैन। धर्मको शुद्ध स्वरूप र विज्ञानको पनि शुद्ध स्वरूप छर्लङ्ग हुँदा धर्म र विज्ञानको एकत्व सहजै दृष्टिगोचर भइहाल्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विज्ञान र धर्मलाई भिन्न देख्नु दृष्टि-दुर्बलता हो । तथ्य कुरा के हो भने, धर्म र विज्ञान एउटै सिक्काका दुई पाटा हुन्, एक-अर्काका परिपूरक । यहाँनेर आधुनिक विज्ञान जगत्का महान् व्यक्तित्व आइन्सटाइनलाई उद्धृत गर्नु उपयुक्त हुनेछ । आइन्सटाइनको भनाइ छ- *"धर्मबिनाको विज्ञान लङ्डो र विज्ञानबिनाको धर्म अन्धो हुन्छ ।"*

यदि अपूर्णताबाट पूर्णतातिर जाने हो भने धर्म र विज्ञान समानरुपेण अपनाइनु पर्छ । समानरुपेण भनेको तात्पर्य हो – आवश्यकता र सन्दर्भ अनुसार जहाँ जुन अवलम्बन गर्नु पर्ने हो, सोही अनुसार । भनिएकै छकि ज्ञान (धर्म) र विज्ञानको हात कर्ममा जोड्नु पर्दछ ।

आज तथाकथित आधुनिकताको मदले चूर भएकाहरुमध्ये धेरैको प्रवृत्ति देखिएको छ कि विज्ञानको नाम लिँदै धर्मको विरोधमा बकबकाउँदै हिँड्छन् । शिक्षाको नाममा स्थापित मूल्य-मान्यता विरोधी कुराहरु प्रचारित गर्ने *"फेशन"* चलेको छ । तर, जुन शिक्षाले सद्वृत्ति जागृत गराउँदै हृदयमा प्रविष्ट भएर मानवलाई एक श्रेष्ठ-जीवन-स्वप्नले भर्दैन, त्यो शिक्षा होइन साक्षरता मात्रै हो । अहिले शिक्षाको नाममा फगत् साक्षरता मौलाएको छ, यद्यपि कागजी प्रमाणपत्रहरु दिएर-लिएर बकाइदा विद्वत्ताको बिगुल फुकिरहेको स्थिति छ । देखिएकै छ कि परम्परा तथा स्थापित मूल्य-मान्यता बारेमा अनर्गल बकबास गर्ने लफङ्गाहरुलाई क्रान्तिकारी ठान्दिने गरेको । आफ्नै घरमा आगो झोस्ने, अनि टुप्पातिर बसी फेद काट्ने कार्य पनि क्रान्ति ? हास्यास्पद । परम्परा, संस्कार, संस्कृतिका असल पक्ष पनि देख्न नसक्ने अन्धाहरु तथा विज्ञानको गलत व्याख्या गर्दै शास्त्र, ईश्वर, धर्मको उपहास गर्न समेत अघि सर्ने उद्दण्डहरु यत्रतत्र छ्यास्छ्यास्ति भेट्न पाइन्छ । हामी यस्तो निरर्थक क्रान्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अस्वीकार गर्दछौं । वास्तवमा क्रान्ति सकारात्मक हुनुपर्छ र निर्माण औचित्ययुक्त । हामी नकारात्मकताले भरपूर ध्वंशका पक्षधर होइनौं, हामी त सकारात्मक क्रान्तिका पक्षधर हौं ।

अर्कातिर 'धर्म' भन्ठानेर अन्धविश्वास, फाहोरमैला, विकृतिलाई पनि अँगालेर बस्न चाहने कूपमण्डूकहरू पनि नभएका होइनन् हाम्रो समाजमा । धार्मिक तथा परम्परावादी हुनुको अर्थ यो होइनकि हिजो जे गरिन्थ्यो आज पनि हुबहु उही गरियोस् । थुप्रै कुराहरू देश, काल, परिस्थिति अनुरूप परिवर्तन, परिमार्जन हुन्छन् /हुनुपर्दछ । आजभन्दा पचास वर्ष अघि बागमती नदीमा नुहाएमा पुण्य मिल्छ भनेर प्रतिदिन स्नान गरेको परम्परालाई कायम राख्न आज फोहोरले डुङ्डुङ्ती गनाएको बागमतीमा नुहाउनु त भएन नि !

अनि बागमती फोहोर भयो भनेर छिःछिः दुर्दुर् मात्र गर्ने र त्यतातिर पाइलै नहाल्ने जस्तो 'सुघ्घरीपना' पनि के काम ? वैज्ञानिकतायुक्त धर्म र धार्मिकतायुक्त विज्ञान सम्मत कुरा त यो हुन्छकि बागमती नदीको हिजोकै गौरव कायम राख्न यसलाई शुद्धिकरण गरियोस् ।

यस कुरालाई अर्को एउटा उदाहरणबाट हेरौं । सुनलाई बहुमूल्य सम्पत्तिको रुपमा लिने प्रचलन हाम्रो समाजमा छ । यो धातुमा के त्यस्तो जादू छ कुन्नि ! जे होस्, सुनको गहना धेरै समयसम्म लगाउँदा त्यसमा कस (मयल) लाग्छ र त्यति राम्रो गहना मयलका कारण फोहोर र घिनलाग्दो पनि देखिन्छ । अब कस नै कसले छोपिएको सुनको त्यो गहनालाई के गर्ने ? यस सन्दर्भमा विभिन्न किसिमका प्रवृत्ति र व्यवहार हामी देख्दछौं । यीमध्ये तीनथरी प्रमुख छन् । एकथरी हुन्छन् जो आफ्नो गहनामा मयल परोस् वा जेसुकै होसं, त्यसलाई जस्ताको तस्तै स्वीकार गर्दछन् । गहनामा जमेको फोहोरलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि गहनाकै अभिन्न अंग ठान्ने उनीहरू कसैले कस सफा गर्ने प्रयास गरेमा त्यसलाई सहँदैनन् । अनि अर्काथरीचाहिँ गहनामा लागेको फोहोरलाई मात्र देख्छन् र त्यो गहनालाई नै फाल्ने कुरा गर्दछन् । यी दुई अतिवादीहरूका बीचमा नीर-क्षीर विवेकी व्यक्तिहरू पनि हुन्छन्, जो गहनामा जमेको फोहोरलाई शुद्धिकरण गर्दै शुद्ध स्वरुपमा गहनालाई उजिल्याउन प्रयास गर्दछन् । सुनको शाश्वततालाई चिन्दछ 'धर्म'ले र त्यसमा लागेको फाहोरलाई फाल्दछ 'विज्ञान'ले ।

अहिले मान्छेहरू धर्मको अनौठा-अनौठा परिभाषा गर्छन् । हिन्दू धर्म, बौद्ध धर्म, जैन धर्म, सिख धर्म, बोन धर्म, शिन्तो धर्म, क्रिश्चियन धर्म, इस्लाम धर्म, यहुदी धर्म, आदि-इत्यादि । यी त सम्प्रदाय हुन्, मजहब हुन्, रेलिजन हुन् । असली धर्मतत्वलाई यस्ता 'ट्रेडमार्क'ले छोपेका छन् । 'धर्म' भन्ने जुन शब्द छ, यसको समानार्थकमा 'रेलिजन' तथा ' मजहब'लाई बुझ्नु गलत छ । धर्म त व्यापक छ र रेलिजन-मजहब-सम्प्रदायले धर्मको पूरा अर्थ हुँदैन ।

यसबारेमा म थप चर्चा गर्न चाहूँला । 'धर्म'लाई अंग्रेजी शब्द रिलिजन/रेलिजन (Religion) को समानार्थक मानेर अनुवाद गर्ने गरिएतापनि वास्तवमा यो सही अनुवाद होइन । धर्म शब्दको खास अर्थ र रिलिजन/रेलिजन शब्दको अर्थमा ठूलो भिन्नता छ । 'रिलिजन'ले एउटा सम्प्रदाय (Sect) वा 'मजहब' मात्र जनाउँछ; यता 'धर्म'चाहिँ व्यापक अर्थ भएको शब्द हो । सम्प्रदायका पनि आफ्ना राम्रा पक्षहरु छन्, सामाजिकीकरणमा उपयोगीता छ र मानव समाजमा योगदान पनि नभएको होइन । तर, सङ्कीर्णतामा जकडिएर आफ्नो एकल साम्प्रदायिकता अरुमाथि समेत लाद्ने प्रवृत्ति हुँदाचाहिँ सम्प्रदायहरुले मानव समाजको र चराचर जगतकै अहित पनि गरेका उदाहरण छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आरम्भमा धर्म-तत्व एउटै थियो तापनि कालान्तरमा मान्छेले धर्मका नाममा अनेक कर्महरु अपनाउँदै गयो; अनेक रीतिरीवाज, विधि-विधान, चाल-चलन, प्रथाहरु प्रचलित हुँदैगए; अनि धर्मलाई तिनै भौतिक क्रियाकलापका आधारमा छुट्ट्याउने/खुट्ट्याउने गर्न थाले । देश, काल, परिस्थितिमा अनेकता हुँदा कर्म, रीतिरीवाज, विधि-विधान, चाल-चलन, प्रथा आदि जस्ता भौतिक क्रियाकलापमा पनि अनेकता आउन थाल्नु स्वाभाविकै भयो । तर, जब मान्छेले वास्तविक धर्म-तत्वलाई बिर्सेर पछि विकसित गरिएका भौतिक क्रियाकलापलाई नै धर्म ठान्न थाल्यो तबदेखिनै मतभेद पनि प्रकट भयो । धर्मको वास्तविक तत्वलाई भन्दापनि यिनै कुराहरुलाई महत्व दिने प्रवृत्तिले धर्मका नाममा संघर्ष शुरु गरायो । संसारमा धर्मका नाममा पटक-पटक हिंसा भड्केको छ; धर्मको निहुँमा मानव-रक्तको खोलो धेरैपल्ट बगेको छ । 'धर्म' सम्प्रदायगत ट्रेडमार्कले छोपिएर मान्छे धर्मको भ्रममा अन्तर-कुन्तरमै जकडियो । अहिले त धर्म भन्नासाथ "कुनचाहिँ धर्म ?", अनि मेरो धर्म र तेरो धर्म भनेर आपसी लडाइँ, मारकाट गर्ने बहाना बनाएका छन् धर्मलाई ।

यदि मानव समाजले असली धर्म-तत्व आत्मसात् गर्ने होभने धर्मका नाममा हुने गरेका सारा द्वन्द्वको औचित्य नै रहने छैन । प्रारम्भमा धर्म-तत्व एउटै थियो; तब अहिले किन हुन सक्दैन ? अवश्य हुनसक्छ । यसका निमित्त वैज्ञानिक विश्व-दृष्टिकोण आवश्यक छ । धर्मको मीमांसा विज्ञानको कसीमा गर्ने हो भने दूधको दूध पानीको पानी नछुट्टिने कुरै छैन ।

विश्वको सर्वप्राचीन धर्मग्रन्थ 'वेद' भएकाले यसमा वर्णित धर्म-तत्वलाई मानव समाजको 'आदिधर्म' मान्नुपर्ने हुन्छ । हुन पनि वेदमा कहिएको धर्म सम्प्रदायगत 'ट्रेडमार्क' भन्दा अलग्गै र सारा मानव-समाजकालागि समानरूपेण लागू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनसक्ने छ। यहाँनेर मलाई मेरा परमपूज्य पिताजीको उपदेश स्मरण हुन्छ– "वेद विश्वको विधान हो भन्नुमा अत्युक्ति हुनेछैन । 'वेद'को अर्थ हो ज्ञान । ज्ञान भनेको जान्नु हो । जान्नका निमित्त सिक्नु पर्दछ। सिक्नुलाई शिक्षा भनिन्छ। शिक्षा प्राप्त गरिसकेका व्यक्तिहरु शिक्षित कहलाउँछन् र वास्तवमा उनीहरु शिष्ट बन्दछन् । यही शिष्ट शब्दमा आचार समेत जोडिएपछि बन्छ- शिष्टाचार । आचार शब्द आङ्ग उपसर्ग पूर्वक चर धातुबाट बनेको र आङ्गपूर्वक चर धातुको गर्नु अर्थ भएको हुनाले आचारको अर्थ हो- गरिने कुरा । शिष्टहरुले गरिने कुरा शिष्टाचार र गर्न नहुने कुरा अनाचार भन्ने हाम्रो परम्परा छ ।

यो कुरा यसरी गर्नु भनेर सूत्र (छोटकरी) रुपमा सिकाउने र त्यसको विपरीत व्यवहार नगर्नलाई व्यवस्था गर्ने लिखत वा ग्रन्थलाई विधान भन्ने चलन छ। एकै वाक्यमा बताउनुपर्दाखेरिमा, वेद विश्वको विधान हो किनकि यसले शिष्टाचारको ज्ञान दिन्छ र मानव समाजलाई अनाचारबाट जोगाउँछ ।

वेदमा दुई किसिमको शिक्षा पाइन्छ। एक, व्यावहारिक र अर्को, पारमार्थिक । व्यावहारिक शिक्षा सूत्र रुपमा पाइन्छ र पारमार्थिक शिक्षा विस्तृत रुपमा । यसको रहस्य केभने– व्यावहारिक वस्तुहरु बदलिइ रहन्छन् । बदलिइ रहने वस्तुको विशेष बयान गर्नु व्यर्थ कुरा हुन्छ । पारमार्थिक वस्तु बदलिँदैनन्; ती सधैं एकनाश रहन्छन् । परमार्थ (सत्य-वस्तु) को पत्ता लगाउने हुनाले यिनलाई पारमार्थिक भनिएको हो र यस सम्बन्धी शिक्षालाई पारमार्थिक शिक्षा भनिन्छ। पारमार्थिक शिक्षाको अर्को नाम हो– अध्यात्मज्ञान ।"

वेद-निर्देशित धर्म-तत्वलाई अवलम्बन गर्नासाथ धर्मका नाममा सृजित सारा समस्याहरु समाधान हुन सक्दछन् । धर्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो तत्व हो जसका कारणले मनुष्य पशु बन्नबाट जोगिएको छ । अर्थात्, धर्मनै यस्तो चीज हो जसका कारण मान्छे अरु भन्दा पृथक् रहेको छ । धर्म अवलम्बन गर्दैन भने मान्छेले श्रेष्ठताको दाबी गर्न मिल्दैन । धर्मले मान्छेको आध्यात्मिक, आधिदैविक, आधिभौतिक अभ्युदय गराउँछ ।

मैले वेदका ऋचाहरुमा धर्मको मार्गनिर्देशन भेटेँ, कोहीले बुद्धका वचनमा र कोहीले तीर्थङ्करका उपदेशमा मार्गनिर्देशन भेटेको हुन सक्छ । कसैले आफ्नो लागि मार्गनिर्देशन मुन्धुममा, जेन्द अबेस्तामा, ताल्मुडमा वा कुरानमा वा बाइबलमा भेटाएको महसुस गरेको होला । यदि साँच्चै धर्म साक्षात्कार एवं अवलम्बन गरेको हो भने एकल साम्प्रदायिक हठ कसैले गर्न मिल्दैन । मेरो अस्तितत्व झैं अन्यको अस्तितत्व पनि महत्त्वपूर्ण हो भन्ने मान्नु पर्छ । मानवतावादले पनि पुग्दैन, त्यो पनि अपर्याप्त भयो भनेर हामीले सहृदयता दर्शनको कुरा गर्नु परेको हो ।[1]

'रिलिजन'को /'मजहब'को चक्करमा नपर्ने होभने; तिन्लाईनै धर्म ठानेर भ्रममा नपर्ने होभने व्यर्थ हुनेछन् 'जेहाद' र 'क्रुसेड'हरू । धर्म लडाइँ गर्ने चीज होइन; यो त पवित्र जीवन-पद्धति हो । धर्म शब्द 'धृ' धातु (धारणा गर्नु)बाट निष्पन्न भएको हो । यसबाट देखिन्छकि धर्मको अर्थ धारणा हो जसले हामीलाई जीवनकोलागि धारणाहरु प्रदान गर्दछ । ती धारणाहरुको फलस्वरुप मान्छेको जीवन पतनबाट बच्दछ । धर्मले हामीलाई नराम्रा काम-कुराबाट बच्ने ज्ञान दिन्छ । धर्मले मानवलाई राम्रा नियम, राम्रा गुण, असल विचार र दृष्टिकोण अपनाउन भन्छ; अनि नराम्रो काम गर्नबाट रोक्छ । धर्मज्ञानको धेरै भाग नैतिक-चारित्रिक शिक्षायुक्त छ । संसारमा जतिपनि

---

1 अधिकारी, निर्मलमणि । वि.सं. २०७६ । *सहृदयता दर्शनको प्राक्कथन* । भक्तपुर : सहृदयता समाज नेपाल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म छन्, तिन्को एउटा मुख्य उद्देश्य मानवको चरित्रको उत्थान हो । जस्तोकि ऋग्वेदमा जीवनका शाश्वत मूल्यहरुको स्थापना एवं अवलम्बन गर्न धर्मले प्रेरणा दिन्छ । अनि, मनुस्मृतिमा धर्मको लक्षण बताइएको छकि धैर्य, क्षमा, दम ('विषय-वासना' हटाउनु), अस्तेय, शौच, इंद्रियनिग्रह, धी (बुद्धि), विद्या, सत्य र अक्रोध यी धर्मका दश लक्षण हुन् । यसमा कुनै सम्प्रदायवालाले आपत्ति जनाउनु पर्ने वा अस्वीकार गर्नुपर्ने के छ र ! महर्षि कणाद जब भनिरहेका हुन्छन्कि जसबाट अभ्युदय, उन्नति या कल्याण हुन्छ तथा "मुक्ति' प्राप्ति हुन्छ त्यही धर्म हो (यतोभ्युदयनिःश्रेयससिद्धिः स धर्मः) –तब कहाँनेर छ विवाद/ अस्वीकार गर्नुपर्ने ठाउँ ?

ऋग्वेदमा भनिएको छकि एक्लै खानेवाला पापी हो र बाँडेर खानेवाला पुण्यभागी हुन्छ, धर्म पाउँछ । यस्तो मानवतावादी धारणालाई कुनै सम्प्रदायको भनेर कसैले आलोचना गर्न सक्छ ? वास्तवमा समस्त विश्वको साझा विश्व-धर्म बन्न वेदद्वारा निर्देशित गरिए अनुरुपको 'धर्म'मात्र सक्षम छ । यदि विभिन्न सम्प्रदायगत 'ट्रेडमार्क'हरुमध्येबाट रोज्नु परेमाचाहिँ जसले वेदको उत्तराधिकार बोकेको छ त्यहीतर्फ हामी फर्कनु पर्ने हुन्छ ।

धर्म अवलम्बन गर्नुको मतलब धर्मका नाममा मारकाट मच्चाउनु वा द्वेष फैलाउनु भनेको पटक्कै होइन । धर्मका नाममा लडाइँ, मारकाट, हिंसा, शस्त्रास्त्रको उपयोग आदि-इत्यादि त राजनीति हो, अर्थनीति हो; –धर्मनीति होइन । कहिलेकाहिँ तीपनि आवश्यक पर्लान्; तर तिन्लाईनै धर्म मान्नु गलत हो । धर्मयुक्त जीवनमा तीबाट प्रायः पर रहनु पर्दछ । कर्म, रीतिरीवाज, विधि-विधान, चाल-चलन, प्रथा आदि जस्ता भौतिक क्रियाकलापमा अनेकता भएकै निहुँमा शस्त्रास्त्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बलमा अरुलाई आफ्नो मतमा तान्न 'जेहाद' र 'क्रुसेड' गर्नु धर्म होइन । एउटा धार्मिक व्यक्तिले अर्को व्यक्तिलाई पनि आफूजस्तै देख्ने हुनाले त्यहाँ परपीडा हुँदैन, द्वेष हुँदैन, क्रोध हुँदैन, झै-झगडा र मारकाट हुँदैन, हिंसा हुँदैन । परोपकार उसको जीवनको स्वाभाविक कर्म हुन्छ। 'सर्वे भवन्तु सुखिनः'को भावनाले भरिपूर्ण हुन्छ धार्मिक व्यक्ति । धर्म मानवताको उच्चतम स्वरुप भएकाले 'वसुधैव कुटुम्बकम्'लाई स्वतः आत्मसात् गरेको हुन्छ /हुनुपर्छ। तब, कुटुम्ब-कुटुम्ब बीचमा पनि केको युद्ध ?

यता विज्ञान पनि त बन्धुहत्या गर्न जन्माइएको होइन । तर विज्ञानको विकासलाई विनाशको अट्टाहासमा परिणत गर्नेहरू पनि छन् । सारा संसार युद्धको विभिषिकाले त्रस्त भएर त्राही त्राही गरिरहँदा विज्ञानको घोडा चढेर हिंस्रक मनोवृत्तिका मान्छेहरू बन्धुहत्यामा जुटेका छैनन् र ! तर मूल स्वरूपमा हिंस्रक, विनाशक होइन विज्ञान । ऊ पनि धर्म जस्तै कल्याणकारी हो ।

धर्मको अर्को समानार्थक शब्दावली शायद सत्यम् शिवम् सुन्दरम् मात्रै हुनसक्ला । यस्तो धर्म कसरी विज्ञान-असम्मत हुन सक्छ ? धर्मलाई पद्धति र सिद्धान्तको तहमा जान्ने हो भने यसको सार्वजनीनता पनि सहजै ज्ञान हुन्छ ।[2]

त्यसो त मान्छेहरुमा धर्म र विज्ञान एक-अर्काका शत्रु भएको भ्रम पर्नुको कारण छ । विगतमा चर्चले कैयौं वैज्ञानिकहरूलाई प्रताडित गरेको, कतिपयलाई जिउँदै जलाएको, यस्तो यस्तो घृणित कार्य गरेको थियो । बाइबलको, इसाई

---

2 सिद्धान्तबारे थप परिचर्चाका लागि द्रष्टव्य :– अधिकारी, निर्मलमणि । वि.सं. २०७६ । *सञ्चार सिद्धान्तीकरण* । काठमाडौं : सञ्चारयोग मिडिया ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मको खोल ओडेर पोप-पादरीहरूले विज्ञानको दमन गर्ने दुस्प्रयास धेरैपल्ट गरे । अचेलपनि इस्लामको नाममा फतवा जारी गरिएका हामी सुन्छौं । यी पनि कुरानको, इस्लाम धर्मको खोल ओडेर विज्ञानलाई सिध्याउन चाहन्छन् । जस-जसलाई सत्यसँग द्वेष छ, तिनीहरू विज्ञानसँग डराउँछन् । दुर्भाग्यको कुरा हो कि विज्ञानसँग डराउने यस्ता मूर्खहरूले धर्मको आड लिने चलाखी देखाउने गरेका छन् ।

धर्मको प्रतिकूल कुराहरुलाई समेत धर्म नै ठान्दिने-मान्दिने गलत कार्य भएको छ । मार्क्सले धर्मको विरोध गरेको पनि चर्च, पोप, पादरी, मुल्ला, मौलवी, मठाधिशहरुको व्यवहार देखेर नै हो । यदि मार्क्सलाई कोही सुयोग्य गुरुसँग वेद, उपनिषद्, गीता आदि पढ्ने सौभाग्य मिलेको भए उनी स्वयम्ले आफ्नो कम्युनिष्ट मेनिफेस्टो बाकसमा थन्क्याइदिने थिए । उनलाई त्यो सौभाग्य मिल्न सकेन र एउटा व्यक्तिको अभाग्यले डोऱ्याएर साराका सारा कम्युनिष्टहरु धर्मको नामसँग नै उतर्सिने विडम्बनापूर्ण स्थिति रह्यो । उनका उत्तराधिकारीका रुपमा आएका एंगेल्स, लेनिन, स्टालिन, माओ आदिको समस्या पनि उही हो । तपाईंलाई थाहै छ कि स्वयम् स्वामी विवेकानन्द समेत सुयोग्य गुरु रामकृष्ण परमहंस सँग भेट नहुँदासम्म उग्र नास्तिक हुनुहुन्थ्यो । तर सुयोग्य गुरु प्राप्त गर्ने उहाँको सौभाग्य थियो । त्यस्तै सौभाग्य नपाएकाहरू मात्रै नास्तिकताको अँध्यारोमा जकडिन्छन् ।

यहाँ धर्मको स्वरुप नबुझ्रैरै धर्मको नाम पारेर द्वन्द्व गरिएको देखिन्छ । धर्मको नाममा ठूल्ठूला नरसंहारकाण्ड पनि मच्चाए । अर्काको प्राणहत्या गरेर, अरुलाई मारेर धर्म हुने भए को पापी हुँदो हो ? पण्डावादले र सामन्तीहरुको मनलाग्दी र आफूअनुकूल व्याख्या तथा स्वेच्छाचारिताले वास्तविक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मतत्व पछाडी धकेलियो । हुँदाहुँदा धर्म र विज्ञानलाई त विपरित ध्रुवमा राख्न थालियो । मान्छेको धर्मको नाममा साँघुरिएर सम्प्रदाय, मजहब, रेलिजनको घेरामा जकडिए । धर्मको विरोध गर्नेहरुको स्थिति त झन् विडम्बनापूर्ण भयो - उनीहरु झन् निम्नस्तरको सम्प्रदायका उपासक पो हुनपुगे । उदाहरण दिन सकिन्छ - कम्युनिष्टहरु धर्मको उग्र विरोध गरिरहँदा आफूहरु मार्क्स, लेनिन, माओका तस्वीर पूजा गर्छन् र तिनीहरुको अन्ध समर्थनको तरिका संकीर्ण सम्प्रदाय वा मजहबको जस्तै छ । यद्यपि उनीहरु विज्ञानको धेरै दुहाइ दिन्छन् । कम्युनिष्ट-इतरका नास्तिकहरु, जस्तै : पूँजीवादी, पनि उही ड्याङ्का हुन् । हामीले बुझ्नैपर्ने कुरा छ कि रिलिजन-मजहब-सम्प्रदायहरु विज्ञानबिनाका पनि हुनसक्लान्, तर धर्म कदापि विज्ञानबिनाको हुँदैन । धर्मको जग विज्ञान हो, धर्म विज्ञान-प्रतिपादित छ । आधुनिक विज्ञान अझ पूर्णतातिर लागेपछि हामी यही निष्कर्षमा पुग्नेछौं कि धर्म र विज्ञान एक-अर्काका विरोधी होइनन् । शुद्ध रूपमा रहन दिइएको 'धर्म'को र पूर्णतामा पुगेको 'विज्ञान'को क्षेत्र एउटै हो । एउटा चरमोत्कर्षमा पुगेपछि विज्ञान धर्मसमक्ष नतमस्तक हुन्छ र सही स्वरूपमा धर्मले विज्ञानलाई ममतापूर्वक अङ्गीकार गर्दछ ।

एक्लो धर्मको अनुशरण गर्छु भन्दाखेरी मान्छे अन्ध-संकीर्णतावादमा जकडियो, अनि एक्लो विज्ञानको अनुशरणले चाहिँ मान्छेलाई उग्र-भौतिकतावादको भासमा पतन गराउने स्पष्टै छ । धर्म र विज्ञानको समन्वय नै ठीक कुरा हो र यही अत्युत्तम हुनेछ । धर्म र विज्ञानको एकत्वमा मानव समाजको हित निहित छ । अबका दिनमा धर्मको पक्ष वजनदार हुनुको कारण के पनि हो भने मानव समुदायलाई उसको उज्ज्वल भविष्यका निमित्त धर्म-तत्वको आवश्यकता झन् बढेको छ । मलाई के लाग्छ भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानव जति बढी मात्रामा शक्तिसम्पन्न हुन्छ उति नै बढी मात्रामा उसलाई धर्म-तत्व आवश्यक हुन्छ । धर्म र विज्ञानको समन्वय अबका दिनहरूमा झन् झन् अत्यावश्यक देखिएको छ ।

सबभन्दा महत्वपूर्ण सवाल के हुनसक्छ भने धर्मले मानव समुदायलाई भविष्यमा कस्तो योगदान पुर्‍याउला ? त्यही योगदानमा नै यसको महत्व पनि प्रष्टिएला । मैले बारम्बार भनेको छु कि धर्म भन्दाखेरीमा धर्मको नाममा पलाप्पिएका आडम्बर, ढोँग, पाखण्ड, रुढीवादिता तथा लौकिक व्यवहार आदिलाईमात्रै ठान्नु हुँदैन र असली धर्म-तत्व बुझ्नु पर्दछ । त्यस्तो असली धर्म-तत्वसँग विज्ञानको कुनै वैरभाव हुँदैन । अनि त धर्म र विज्ञानकाबीचमा सामञ्जस्यताले मानव जातिमा प्रकाशमय प्रभाव पार्नेछ ।

यहाँनेर एकजना विद्वानलाई उद्धृत गर्नु सान्दर्भिक होला, जसको भनाइ छ :-

मलाई कस्तो लाग्छ भने त्यस्तो प्राणीका निमित्त धर्म जीवनको आवश्यकता नै हुन्छ जो चेतनासम्पन्न छ र त्यसैको परिणाम स्वरूप शक्तिसम्पन्न पनि छ, अनि जो त्यसै कारणले गर्दा छनोट गर्नैपर्ने अपरिहार्य दायित्व पनि बहन गर्न पुग्छ । मानिसको शक्ति जति ठूलो हुन्छ त्यति नै ठूलो मात्रामा उसलाई धर्म आवश्यक हुन्छ । यदि विज्ञानको प्रयोग धर्मद्वारा प्रेरित र निर्देशित भएन भने विज्ञान लोभ लालचाका लग्गूपनका निमित्त प्रयोग हुनेछ र विज्ञानले लोभलालचालाई प्रभावकारी रुपमा त्यति सेवा पुर्‍याउनेछ जसको फलस्वरुप विज्ञान विनाशकारी हुन पुग्नेछ ।

त्यस्तै अर्का एकजना विद्वान भन्छन् :-

आध्यात्मिकता र भौतिकताका सम्बन्ध बारेमा जुन धारणा लोकप्रचलित भइरहेको पाइन्छ त्यसमा अब मौलिक परिवर्तन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ल्याउनु आवश्यक छ । आध्यात्मिक कल्याणको स्तरलाई उचाल्नु नै हाम्रो पहिलो चासो हनुपर्छ र भौतिक कल्याणका स्तरको उन्नयनलाई दोस्रो प्राथमिकता दिइनुपर्छ। अर्कोशब्दमा भन्नुपर्दा समाजको सांस्कृतिक, धार्मिक, शैक्षिक विद्वत्तात्मक तथा कला कार्यक्रम, पूर्ण रोजगारी तथा लोक-कल्याणका अन्य भौतिक पक्षलाई अवश्यै उच्चस्तरको आध्यात्मिक समाजको निर्माणका प्रयोजनका निमित्त विकसित गरिनुपर्दछ।

कठोपनिषद्, द्वितीय अध्याय, तृतीय वल्ली, श्लोक ७–८ मा भनिएको छ :

इन्द्रियेभ्यः परं मनो मनसः सत्त्वमुत्तमम् ।
सत्त्वादधि महानात्मा महतोऽव्यक्त मुत्तमम् ॥
अव्यक्तात्तु परः पुरूषो व्यापकोऽलिङ्ग एव च ।
यं ज्ञात्वा मुच्यते जन्तुरमृतत्वं च गच्छति ॥

अर्थात् इन्द्रिय भन्दा मन श्रेष्ठ छ, मन भन्दा बुद्धि उत्तम छ, बुद्धि भन्दा त्यसको स्वामी जीवात्मा उच्च छ र जीवात्मा भन्दा अव्यक्त शक्ति (प्रकृति अथवा माया) उत्तम छ। परन्तु अव्यक्त भन्दा पनि परमात्मा श्रेष्ठ छन्, जो निराकार रूपले सर्वत्र व्याप्त छन् । यही ब्रह्मतत्वको ज्ञान भएर नै जीवात्मा मुक्त हुन्छ र अमृतस्वरुप ब्रह्ममा प्राप्त हुन्छ।

शरीर अनित्य छ । जुन वस्तुको जन्म हुन्छ, त्यसको मृत्यु पनि हुने निश्चित भएकाले शरीर विनाशी छ । यस्तो आदि र अन्त्य भएको शरीर परम् सत्य हुन सक्दैन। इन्द्रियहरु पनि नाशवान् हुन्। वस्तुतः शरीर आत्माको साधन मात्र हो । आत्मा नित्य र अविनाशी छ। यो न कहिल्यै जन्मिन्छ, न त कहिल्यै मर्छ, यो त अजन्मा, अविनाशी, प्राचीन र सनातन हो । हामी जो मृत्यु भएको भन्दछौं, त्यो त मानिसले पुराना फाटेका लुगाहरु त्यागेर नयाँ लुगा लगाएझैं वा सर्पले काँचुली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरेभ्कैं आत्माले आफ्नो वासस्थान फेरेको हो । जबसम्म विषय-वासनाबाट मन विरत हुँदैन, तबसम्म यस्तो प्रक्रिया चलिरहन्छ –जसलाई पुनर्जन्म भनिन्छ। तर आत्मज्ञान प्राप्त भइसकेपछि पुनः जन्मने कुनै प्रयोजन नै बाँकी नरहने हुनाले पुनर्जन्म हुँदैन । मानिसको जन्म ठूलो पुण्यले मात्र मिल्ने हुनाले यसलाई मोक्ष पाउनको लागि सदुपयोग गर्नैपर्दछ ।

भौतिक सुखलाई हामी निषेध गर्दैनौं, प्रत्युत महत्वपूर्ण ठान्दछौं । वैदिक सनातन / हिन्दू जीवनमा मोक्षप्रतिको अत्यधिक आग्रहको अर्थ भौतिक जगत्प्रतिको निरपेक्षता होइन । इन्द्रियजन्य मोह वा भ्रमप्रति अनिच्छा भएतापनि मानव चेतनाप्रति वैदिक मतमा अगाध श्रद्धा रहेको छ। मानव शरीरलाई मूलतः पापमय मान्ने कतिपय पाश्चात्य अवधारणा रहेको छ।

वैदिक सनातन / हिन्दू अवधारणामा पञ्चतत्वबाट बनेको शरीर त मोक्षको साधन हो; जुन साधन त्यति महान् लक्ष्यकालागि सहायक बन्नेवाला छ, त्यस्लाई पापमय कसरी मान्न सकिन्छ र! क्षणभंगुर भएतापनि यसले मोक्षको प्राप्तिमा पुऱ्याएको सहयोगप्रति कृतज्ञता भाव रहेकै हुन्छ एक आदर्श हिन्दूमा। त्यसैले त मोक्षको प्राप्तिनेरै पुगिसक्दा पनि भर्तृहरि भन्छन् – “हे माता पृथ्वी, पिता वायु, मित्र अग्नि, सुबन्धु जल, भ्राता आकाश ! तिमीहरुलाई मेरो यो अन्तिमपल्ट हात जोडी नमस्कार छ, तिमीहरु सबैको साथबाट उत्पन्न पुण्यका आधिक्यले स्फुरित भएको निर्मल ज्ञानले मोहको सारा महिमालाई पार गरी म परब्रह्ममा लीन भइरहेको छु।” यस्तो कृतज्ञता भाव रहन्छ हिन्दू जीवन पद्धतिमा ।

पुरुषार्थ-चतुष्टयका रुपमा मोक्ष चरम् प्राप्ति अवश्यै हो; मानव जीवन पाएर पनि मोक्ष नपाउनेले महानतम् अवसर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुमाएको ठानिन्छ; किन्तु त्यस शृंखलामा अर्थ, काम र धर्म पनि छन् भन्ने हामीले भुल्नु हुँदैन । अर्थ र काम भौतिक उन्नतिको कसीका रुपमा रहेका छन् भने धर्म भौतिक र आध्यात्मिक उन्नतिको सेतुका रुपमा रहेको छ । अवश्य नै धर्मले परलोक सुधार्छ; तर धर्मको ध्येय त्यतिमात्रै चाहिँ हुँदैहोइन । 'इहलोक' पनि यसले सुधार्नु पर्दछ र सुधार्दछ पनि । यदि यसले 'इहलोक' सुधार्न नसक्ने हो भने यसको उपादेयता नै प्रश्नको घेरामा पर्दछ । वास्तवमा धर्म र विज्ञानको समन्वय नभई पुरुषार्थ चतुष्टयको पूर्ण-प्राप्ति हुँदैन । वैदिक परम्पराका दर्शन-शास्त्रको विशेषता छकि यी मनुष्यका आधिभौतिक, आधिदैविक, आध्यात्मिक सबै तहलाई सम्बोधित गर्दछन् ।

हामीले धर्म र विज्ञानको समन्वयलाई जोड दिएका हौं । अर्थात्, वैज्ञानिकतायुक्त धर्म एवम् धार्मिकतायुक्त विज्ञान । *"वैज्ञानिक सत्ययुग" भनिएको पनि सोद्देश्य हो ।*

धर्म र विज्ञानको सहकार्य, सह-अस्तित्व एवं सामञ्जस्यताको कुरा गर्दा हामी कुनै नयाँ र असम्भव कुरा गरिरहेका छैनौं । धर्म र विज्ञानको ऐक्यता, सहकार्य, सह-अस्तित्व, सामञ्जस्यताले मानव समुदायको हित हुने कुरामा विश्वस्त हुन सकिन्छ । आजको पुस्ताको हरेक व्यक्तिले यसैको निमित्त प्रयत्न गर्नु उसको 'युगधर्म' हो । सारा संसारलाई सहृदयताको सम्बन्धमा अघि बढाउन धर्म र विज्ञानको समन्वय आवश्यक छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो खण्ड

निर्मल-भक्ति-मार्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्मल-भक्ति-मार्ग

✍ 'आयोदधौम्य' निर्मलमणि अधिकारी

(१)

प्राणी जगत्‌को सर्वोच्च स्थान आफ्‌नै रहेको दाबी मान्छेले गर्दै आएको छ । प्राचीनतम् धार्मिक ग्रन्थहरू तथा आधुनिक विज्ञान दुवैको यसमा मतैक्य देखिन्छ । अन्य प्राणीको तुलनामा मान्छेको चेतनाको स्तर सबैभन्दा विकसित भएको मानिन्छ । मानवसँग भएको बुद्धि तथा विवेकले गर्दानै उसले आफूलाई सृष्टिको सर्वश्रेष्ठ प्राणीका रूपमा उभ्याउन सकेको हो । तर, मान्छेले विवेक त्याग्यो भने उसको बुद्धिले उसलाई गलत दिशातर्फ लगिदिन्छ र विवेकहीन बुद्धिले बेलगाम छाडा तवरले बुर्कुसी मार्दै कुन बेला कहाँ पुगेर के उपद्रो गर्ने हो –केही पत्तो हुँदैन ।

अधिकांशतः मानिसहरू आफ्‌नो विवेकको अनादर गर्दछन् । कुनै चीज गलत हो भन्ने जान्दाजान्दै पनि त्यसलाई त्याग्न नसक्नु विवेकको अनादर हो । जब विवेकको अनादर हुन्छ, तब बुद्धिले गलत बाटो पक्डन्छ –जसको परिणाम मान्छे युद्ध, हिंसा, द्वेषले विषाक्त हुनपुग्छ । स्वाभाविक हो कि विवेकहीन मान्छेको बुद्धिले उसलाई मतिभ्रममा पारिदिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आणविक उर्जासँग खेलवाड गर्न सक्नुमा मान्छेको बुद्धि देखिन्छ भने हिरोशिमा-नागासाकीमा आणविक बमको त्रासदीले उसको विवेकहीनता छताछुल्ल हुन्छ । मान्छेले मृगलाई पासोमा पारेर मार्न सक्नुमा उसको बुद्धि त झल्किएला; परन्तु विवेकको कसीमा यो राम्रो कार्य भएन –यो त विवेकहीन कार्य हो । बुद्धिको सही उपयोग नगरेर दुरूपयोग गर्दा मान्छेले थुप्रै गल्तीहरू गरेको छ, अपराध गरेको छ र परिणाम स्वरूप आफैले पनि दुःख पाएको छ र अरुलाई पनि दुःख दिएको छ ।

शक्तिको हिसाबले मान्छेभन्दा धेरै गुना शक्तिशाली प्राणीहरू यस सृष्टिमा नभएका होइनन्। तर पनि, आफ्नो बुद्धिका आडमा ती सबमाथि रजाइँ गरेको छ मान्छेले । अरु त अरु, स्वयं प्रकृतिसँग समेत पौंठेजोरी खेल्ने लालसाले उत्प्रेरित भइदिन्छ मान्छे । आफ्नो बुद्धिको प्रयोग गरेर निरन्तर परिवर्तनशील संसारका निमित्त आफूलाई सुयोग्य साबित गरेर अघि बढिरहेको छ मान्छे । तर विवेकहीनताले आफ्नै छातिमा बज्रमुक्का प्रहार गर्ने पनि यही मान्छेनै हो । संसारका विभिन्न भू-भागमा मान्छेले मान्छेमाथि मच्चाएको हिंस्रक आतङ्क देख्दा स्पष्ट हुन्छ विवेकको अधिनमा नभएको बुद्धिको करामत । ज्ञानवान् हुनु निश्चयनै राम्रो कुरा हो; तर विवेकवान्, प्रेमवान्, भक्तिवान् हुनु उत्तम हो ।

मान्छेको विवेकलाई, ऊभित्रको चेतनालाई ढाकिदिने तत्वहरू अनेक छन् । अनि, उसको विवेकलाई जाग्रत् राख्ने उपायहरू पनि नभएका होइनन् । ज्ञानवान् मनुष्यले विवेकहीनताबाट मुक्ति पाउने हुन्छ भने यदि ज्ञान-प्राप्तिमा अपूर्णतानै छ भने तापनि स्थापित-नैतिक-मूल्य-मान्यताको अनुशरण गर्ने हो भने धेरै हदसम्म विवेकहीनता माथि विजय प्राप्त गर्न सकिन्छ । अनि, विवेकी मानिस जहिले पनि प्रेमभावयुक्त हुन्छ भन्ने मेरो विश्वास छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेमको कुनै सीमा छैन । त्यसैले त यो भौतिक तह, मानसिक तह हुँदै आध्यात्मिक तहसम्म व्याप्तिन्छ। आध्यात्मिक तहको प्रेम भन्नासाथ भक्ति-तत्वको कुरा आउँछ । भक्तिमा यस्तो गुण छ कि यसको आत्मसातताले मानवलाई तथा उसको जीवनलाई सार्थकता प्रदान गर्दछ। प्रेमको पराकाष्ठामा मानिसले सारा जगत्लाई प्रेम गर्दछ। परन्तु त्यस्तो प्रेम 'मोह' वा 'वासना'को रुपमा हुँदैन ।

भक्तिनी मीरालाई मान्छेहरूले विष खुवाउँदा पनि त्यसको असर परेन, किनकि उनका लागि विष पनि उनकै प्रियतम भगवान्कै प्रसाद थियो । एक आदर्श प्रेमी/भक्तलाई विश्वास हुन्छ कि समस्त जगत्मा ईश्वर भित्र र बाहिर व्याप्त छ। समस्त जगत् उनको अभिव्यक्ति हो। यस्तो अवस्थामा एक वस्तुलाई मन पराउने र अर्कोलाई मन नपराउने हुनै सक्दैन । सबैप्रतिको प्रेमभावले ऊ यस्तो विश्व-दृष्टिकोणवाला हुन्छ, जसका कारण गीतामा भनिएझैं 'समदर्शिनः' बन्ने सफलता पाउँछ । समदर्शी बन्न सकेकैले त राजपाठ गुमाएर वनमा भौंतारिइरहेका रन्तिदेव भोक-प्यासले आफू मुर्छित हुनुअघि बचेको केही थोपा पानी मरणासन्न कुकुरलाई पियाउँछन् ।

श्रावस्तीका सबै भन्दा धनी सेठकी छोरी थिइन् र उनलाई कुनै कुराको कमी थिएन। उनी ऐश्वर्य भोग गरेरै अल्मलिरहेकी भए पनि कसैले केही भन्ने थिएन । भोकमरीको नाङ्गो नाच चलेको बेलामा कालाबजारी गरेर धन सोहोरिरहेकाहरूको प्रवृत्ति उनलाई मन परेन । प्रत्युत, श्रावस्तीका सर्वसाधारण अकालग्रस्त भई भोकै मरेको खबरले उनको करुणा जाग्यो । त्यसपछि सुप्रिया निक्लेकी थिइन् श्रावस्ती घर-घरमा माग्नका लागि। हुनेहरूले नहुनेहरूका लागि आफ्नो भण्डार खोलिदिए। उनको प्रेमले जित्यो अकाललाई पनि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पढेको कुरा दोहोर्‍याउन, उपदेश दिन सजिलो छ। तर त्यति सजिलो कहाँ छ र जीवनमा चरितार्थ गर्न ! दया, माया, करुणा, अहिंसाका ओठे-पक्षपोषण गर्नमा जति परिश्रम मान्छेहरू गर्छन्, त्यसको शतांश पनि व्यवहारमा लागू गरिदिए कस्तो सुखमय हुँदो हो संसार ! तर सन्तहरूको कुरा बेग्लै छ; भक्तहरू अर्कै छाँटका हुन्छन्; प्रेमीहरूलाई साधारण नियम लाग्दैन । सन्तहरूका आश्रम निकटमा बाघ र मृग एउटै नदीको पानी पिएर सँगै खेलेका कथामा अन्य कुनै नियमले काम गरेको छैन, प्रेमभावले मात्र। शकुन्तलाले कण्व ऋषिको आश्रम छोड्ने बेला उनले हुर्काएको मृगशावकले उनको वस्त्रको कुनालाई दाँतले समातेर अश्रुपूर्ण बिदाइ गर्न आएको के शकुन्तलाको अतिशय प्रेमका कारणले होइन र !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२)

मानिसका लागि प्रेमको कति महत्व छ भन्ने कुरा वर्णन गरिसाध्य छैन । प्रयास थुप्रै भएका छन्; तर प्रेमको पूर्ण परिभाषा यै हो भनेर भन्न सकिएको छैन । कतिपय कुराहरू यस्ता हुन्छन् जो पूर्ण परिभाषित नभए तापनि, अल्प-परिभाषित वा अपरिभाषित रहँदैमा, आनन्दमय हुन्छन् । प्रेम त्यस्तै आनन्दमय कुरा हो । भक्ति त्यस्तै आनन्दमय कुरा हो । यी अनुभूतिमा साक्षात्कार हुन्छन् । भक्तिको ढोका प्रेमबाट खुल्छ ।

प्रेमको, भक्तिको सम्बन्धमा यति धेरै चर्चा-परिचर्चा भइसकेका छन् कि सम्भवतः चर्चाका लागि यी सर्वाधिक प्रिय विषय हुन् । तर सकिएको छैन यिनको मृदुता । आज पनि कसैले प्रेमको कुरा निकाल्दा हामीलाई झर्को लाग्दैन । नित्य नवीन प्रतीत हुन्छ यो । भक्ति पनि त कहिल्यै पुरानो भएन, न त भविष्यमा नै हुनेवाला छ । गाईले घाँस खाँदाको बेलामा भन्दा उग्राउँदा झन् मीठो मानिरहेको हुन्छ अरे । हामी पनि प्रेमविषयक पुराना अभिव्यक्ति झन् झन् मीठो मानेर दोहोऱ्याइरहेकै छौं ।

मानव समाजको सर्वाधिक प्रिय विषय प्रेम नै होला । यद्यपि प्रेमसँग समेत शत्रुता राख्ने अजीव मनुवाहरू पनि संसारमा नभएका होइनन् । अनौठौ छैन त ? प्रेमजस्तो प्रिय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयलाई समेत ती मन पराउँदैनन् । प्रेमसँग पनि द्वेष गर्नु साँच्चै नै अनौठो व्यवहार हो ।

प्रेमकै जगमा उभिएको छ भक्ति । कदाचित् प्रेम नहुँदो हो त भक्ति पनि हुने थिएन । अनि यदि भक्ति नहुँदो हो त प्रेम पनि अपूरै हुने थियो– पलाँसको फूल सुगन्धहीन भएझैं । सुमन र सुगन्धझैं प्रेम र भक्ति एक-अर्काको सार्थकताका परिपूरक भएका छन् । प्रेमको बीज अंकुरण हुँदै, पुष्पित-पल्लवित हुँदै भक्तिको उचाइमा पुगेर आफ्नो परम् स्वरूप हासिल गर्छ ।

भौतिक जगत्मा हेर्दा, भक्तिले मानवलाई मानवतावादी विश्व-दृष्टिकोण आत्मसात् गराउँछ । सनातन धर्म दर्शनको महान् देन यसमा निहीत छ। भक्तिको आत्मबोध भएको मान्छेले सबै जीवलाई ईश्वररूप देख्दछ र उसले यसरी सारा जगत्लाई परमात्म-स्वरूप अनुभूत गर्ने हुनाले 'वसुधैव कुटुम्बकम्'लाई स्वतः आत्मसात् गरेको हुन्छ। अर्को प्राणीलाई पनि आफूजस्तै देख्ने हुनाले त्यहाँ परपीडा हुँदैन, द्वेष हुँदैन, क्रोध हुँदैन, झै-झगडा र मारकाट हुँदैन, हिंसा हुँदैन । परोपकार भक्तको जीवनको स्वाभाविक कर्म हुन्छ । 'सर्वे भवन्तु सुखिनः'को भावनाले भरिपूर्ण हुन्छ भक्त । भक्ति-योग त मानवताको उच्चतम स्वरूप हो । आध्यात्मिकताको उज्यालोले हृदय प्रकाशित भएका भक्तहरू मानवताका प्रतिमूर्ति हुन् ।

विचारणीय छ कि प्रेम अनुभूतिको विषय भएकाले यसलाई अनुभूति गर्नेवालाको सम्बन्धमा चर्चा नगरी यसलाई कसरी चिन्न सकिएला र ! हामीले भौतिक जगत्सँग सम्पर्क तथा सम्बन्ध कायम राख्ने इन्द्रियहरूकै माध्यमबाट हो । अनि इन्द्रियहरूलाई अराउने, खटाउने त मन हो । मनको मालिक हो आत्मा । यसरी प्रेममा मनको माध्यमद्वारा आत्मा नै संलग्न रहेको हुन्छ । इन्द्रियहरूको साथमा बाह्य सम्पर्क गर्नमा मन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माध्यमको रूपमा रहेको हुन्छ र त्यही माध्यम प्रयोग गरी आत्माले बाह्य जगत्को ज्ञान प्राप्त गर्दछ । आत्मा जब मनको सम्पर्कमा आउँछ, तब बोधको अनुभूति गर्छ । प्रेमको प्रारम्भ मनको क्रियाबाट हुन्छ, जुन क्रियाको निर्णय या त आत्माको प्रयत्नद्वारा वा आत्माको पूर्व-कर्मद्वारा चालित अदृष्ट प्रारब्धद्वारा हुन्छ ।

मानवका सबै कर्ममा आत्मा कर्ता अथवा फलोपभोक्ता हो; शरीर कर्मस्थल हो; र इन्द्रियहरूचाहिँ साधन हुन् । त्यसैले प्रेमको सन्दर्भमा पनि आत्मा नै प्राथमिक छ ।

जब आत्मा संलग्न छ भने त्यस्तो क्रिया भौतिक जगत्मा मात्र सीमित हुने कुरै भएन । यसबाट प्रेमको आध्यात्मिक आयाम पक्कै छ भन्नेमा हामी पुग्छौं । हो, प्रेमको आध्यात्मिक आयाम नै भक्ति हो । भक्ति आत्मासँग सरोकार भएको प्रेम हो ।

आत्मासँगको सरोकार सामान्य सरोकार पक्कै होइन । सामान्य मानिसहरू स्थूल जागतिक कर्मकै सेरोफेरोमा रमाउँछन् । चेतना अल्लि फुकेकाहरू मानसिक तहसम्म पुगिहेर्छन् । त्यस उता, प्रज्ञा पूर्णतः जाग्रत् भएर मात्र मानिस आत्मासँग सरोकार राख्न थाल्छ । देह र आत्माको पृथक्ता नसोचेरै/नबुझेरै असंख्य मानिसको देहावसान भइरहेको छ; सम्भवतः भइरहने नै छ । तर यत्तिकैमा सन्तुष्ट हुँदैनन् कोहीचाहिँ । यस्ताहरूलाई देहभित्र आभ्यन्तरमा देहको पनि स्वामी को छ भनेर हेर्न मन लाग्छ । वास्तवमा जो आफूलाई आफैले साँच्चै प्रेम गर्छन्, उनीहरूले आत्मज्ञानको आकांक्षा अवश्य राख्छन् ।

स्वयम्प्रतिको प्रेम नै आत्मज्ञानको आकांक्षाको पहिलो खुड्किलो बन्न पुग्छ । त्यस उता साधन अनेक छन् । यदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानव जीवनको परम लक्ष्य मुक्ति अर्थात् मोक्ष हो भन्नेमा कुनै संशय छैन भने त्यो मोक्ष प्राप्त गर्ने विभिन्न उपायहरू छन्। तीमध्ये सबैभन्दा सहज उपाय हो– भक्तियोग। भक्तियोगले मानिसलाई जुन मार्गमा डोऱ्याउँछ, त्यो भक्तिमार्ग हो। वस्तुतः यो प्रेमकै परमावस्था हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३)

प्रायः भनिन्छ कि प्रेम अन्धो हुन्छ । हो, प्रेम अन्धो हुन्छ; तर बैंसालु वासनालाई सही ठहऱ्याउन कतिपयले भन्ने गरेजस्तो अन्धता भने यो होइन । यो अन्धो कुन अर्थमा हुन्छ भने प्रेमको चरम विकासमा बुद्धि तथा ज्ञानको कुनै औचित्य हुँदैन । यो त स्वयम् प्रकाशित हुन पुग्छ, जसलाई कुनै बाह्य दृष्टिको दरकार नै पर्दैन । आभ्यन्तरतर्फ एकोहोरिने र बाह्य दृष्टि प्रयोजनहीन हुने भएकाले यसलाई अन्धो भएको भन्न मिल्छ एक हिसाबले ।

प्रेम अन्धो भएपछि भक्ति पनि त अन्धो हुने भयो नि ! हो त, बुद्धि तथा ज्ञानको आत्यन्तिक लयमा भक्तिलाई प्रतिष्ठित मानिएको छ। भक्तिमार्गमा बुद्धि तथा ज्ञानको उतिसारो महत्व छैन । तिनलाई निषेध गरिएको छैन, तर तिनको अनिवार्यता पनि छैन । यसको समुचित कारण छ । बुद्धि तथा ज्ञान हुनु संयोगको कारण मात्र बन्छ भन्ने केही निश्चित छैन, त्यो वियोगको कारण पनि बन्न सक्छ । किन भने बुद्धिको कसीमा कुनै चीजलाई परिक्षण गर्दा त्यहाँ शङ्का पनि हुन्छ, द्वेषभाव पनि हुनसक्छ, पूर्वाग्रह पनि हुनसक्छ र त्यही कारणले हामी उक्त चीजसँग झन् झन् टाढिन पनि सक्छौं । जब एउटी आमा आफ्नो शिशुलाई स्तनपान गराइरहेकी हुन्छिन्, तब आमा र शिशुको बीचमा कुनै अविश्वास भावलाई स्थान छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परमात्मा र आत्माको सम्बन्ध पनि उस्तै हो– आमा र शिशुको जस्तो। ईश्वरप्रति अलिकति मात्र पनि शङ्का/अविश्वास भएको व्यक्ति भक्त बन्न अयोग्य हुन्छ।

हिरण्यकशिपुसँग बुद्धि तथा ज्ञानको कमी कहाँ थियो र ! ऊसँग बुद्धि, ज्ञान साथसाथै बल पनि अत्यधिक थियो; थिएन त विवेक थिएन, भक्ति थिएन –जसका कारण ऊ दिन-प्रतिदिन ईश्वरीय तत्वप्रति द्रोही तथा द्वेषी बन्दै गयो र शत्रुताको भावनाले विषाक्त हुँदै गयो । प्रह्लादको शिशु मस्तिष्कमा हिरण्यकशिपुका जति बुद्धि, ज्ञान तथा शरीरमा बल नभए तापनि विवेक र भक्तिको कसीमा उनी खरा थिए । यसबाट स्पष्ट हुन आउँछ कि बुद्धि तथा ज्ञान हुँदैमा भक्ति-तत्व प्राप्त हुन्छ भन्ने कुनै निश्चितता हुँदो रहेनछ। ज्ञान त द्वेषभाववाला शत्रुलाई पनि हुन सक्छ। उक्त अवस्थामा ज्ञान प्राप्त गर्दैमा ज्ञातव्य व्यक्तिप्रति उसको निष्ठा हुँदैन, भक्ति हुँदैन। 'क' भन्ने व्यक्तिले 'ख' भन्ने व्यक्तिसँग पूर्वाग्रही द्वेषभाव राखेको छ भने उस्लाई 'ख'का सम्पूर्ण गुणहरू ज्ञात हुँदाहुँदै पनि ऊ 'ख'को अनुशरण गर्दैन; बरु द्वेषभाव झन् बढाउँछ।

यता भक्तिचाहिँ अनुरागरूपा हो जहाँ द्वेषभावको रत्तिभर उपस्थिति हुँदैन । कसैप्रति भक्ति होस् त, कुनै पनि किसिमको शङ्का, द्वेष, द्रोह, पूर्वाग्रह आदिबाट टाढै रहेर एकनिष्ठ भक्तिमात्र गरिएको हुन्छ। यदि भक्ति गरिएको छ भने ज्ञान भएन भने पनि फरक नपर्ने देखिन्छ । गोपिनीहरूलाई श्रीकृष्ण परमेश्वर स्वरूप हुनु वा नहुनुसँग मतलब त थिएन; परन्तु उहाँप्रति परम अनुरागरूपा भक्तिका कारणले गर्दा उनीहरू मुक्ति प्राप्त गर्न सफल भए भनिन्छ। प्रेम आफ्नो चरम अवस्थामा स्वतः भक्तिमा परिणत हुन्छ भन्ने पुष्ट्याइँ त्यस दृष्टान्तले गर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदि ज्ञान तथा भक्ति दुवै हुनु र परमात्मा परब्रह्मको तत्वबोध एवम् त्यसमा परमभक्ति हुनु –यी दुइटै हुन सके त आहाऽऽ ! तर ज्ञान र भक्तिमध्ये कुनै एउटा मात्र रोज्नु परेमा अवश्यमेव भक्तिलाई नै रोज्नु पर्छ । ज्ञान र भक्तिमध्ये जे रोजे पनि, अथवा दुइटै रोजे पनि, साध्य चाहिँ आत्मज्ञान र अन्ततोगत्वा परमात्म-साक्षात्कार नै हो ।

वास्तवमा भक्ति जीवन जिउने कला हो । जीवनमा कस्तै आपत्ति, संकट आइपरोस् तापनि भक्तको जीवन सुरुचिपूर्ण हुन्छ किनकि ऊसँग सहाराको रूपमा हरेक क्षण भगवद् कृपाको स्व-अनुभूति रहिरहेको हुन्छ । कुनै पनि भक्त निराशावादी कहिल्यै हुनसक्दैन । आशाको दियोले उसलाई सधैं मार्ग दर्शन गराइरहेको हुन्छ । असत्बाट सत्तर्फ, अन्धकारबाट उज्यालो तर्फ र मृत्युबाट अमृततर्फ अघि बढ्ने यात्रा हो भक्तको जीवन; जसको परम् प्राप्तिमा भक्त परब्रह्म-तत्वमा एकाकार हुन्छ –स्वयम् प्रकाशित बन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(४)

भक्ति गर्नुको अर्थ सारा सांसारिक काम-कर्तव्यलाई बेवास्ता गर्ने होइन । सांसारिक हिसाबले समाजमा भक्तले पनि अन्य मानिसहरूलेझैं आफ्ना काम-कर्तव्यको पालना गरिरहेकै हुन्छ । अरु सामान्य मानिस र भक्तको काम गराइमा फरक के भने एउटा भक्तका लागि हरेक काम प्रेमपूर्ण हुन्छ । कर्म गर्नुलाई पनि भगवान्‌को आराधना मान्ने भक्तको धारणाले ऊ हरेक क्षेत्रमा कर्मठ देखिन्छ ।

परमात्मा परब्रह्म यस्तो तत्व होइन जो सामान्य परिक्षण वा जाँच-परखबाट भेटिइहालोस् । प्रयोगशालामा बसेर विज्ञानको विद्यार्थीले अक्सिजन खुट्ट्याएजस्तो परीक्षण यो होइन । मानव शरीरगत/इन्द्रियगत बुद्धि तथा ज्ञान सीमित छ भने परमात्मा परब्रह्मचाहिँ असीमित, अपरिमित, सर्वव्यापी । सीमित ज्ञानको घेरोलाई असीमित, अपरिमित, सर्वव्यापी स्तरसम्म विकसित नगरी ज्ञानको माध्यमबाट ब्रह्मतत्व-साक्षात्कार हुँदैन । ज्ञानयोगबाट मोक्ष पाउनु सहज छैन भन्ने यसबाट बुझ्नु पर्ने हुन्छ ।

यता भक्तिको बाटो सहज छ, सुगम छ । परमात्मासँग साक्षात्कार हेतु भक्ति नै बहुजनका निमित्त सर्वश्रेष्ठ उपाय हो । भक्ति यस्तो सम्बन्ध-सूत्र हो जसले गर्दा परमात्मासँग आत्माको तार जोडिन्छ । भक्तिको परम् स्वरूप 'पराभक्ति'मा भक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परमात्मासँग तद्रूप हुन्छ। भक्त अनन्य प्रेमको आनन्दानुभूतिमा सुखी हुन सक्छ किनकि भक्तिमा अनन्य प्रेम हुन्छ । भक्ति मुक्तिप्रदायक छ। परमात्मासँग आत्माको तद्रूपता नै हो मुक्ति। भक्तियोगले हामीलाई त्यही मुक्ति प्रदान गर्दछ।

तर भक्तियोग जो कसैलाई आइलाग्ने कुरा होइन । जब मानव बुद्धिले सही बाटो पक्डन्छ, तब मात्र त्यसले भक्तिको ढोकासम्म डोऱ्याउँछ मान्छेलाई। केबल ढोकासम्म मात्र; त्यसपछि त बुद्धिको आत्यन्तिक लय हुन्छ र भक्तिले जीवलाई पराभक्तितर्फ लैजान्छ । त्यही पराभक्तिले 'मोक्ष'को अधिकारी बनाउँछ । सत्यम् शिवम् सुन्दरम् सबै भक्तिमार्ग मार्फत् आत्मसात् गर्न सकिन्छ। "ॐ असतोमा सद्गमय, तमसोमा ज्योतिर्गमय, मृत्योर्मा अमृतम् गमय"।

छान्दोग्योपनिषद्मा भनिएको छ कि यो सबै परमात्मानै हो; जो यस्तो देख्छ, मान्छ र सम्झन्छ– ऊ परमात्मामा परम अनुराग, परमात्मामानै क्रीडा, उनैको संयोगको सुख तथा उनैमा आनन्दको अनुभव गर्दै स्वराट् (परमात्मा-स्वरूप) हुन्छ। यसमा दर्शन, मनन एवं ज्ञान आदि साधन भक्तिका अंग हुन्। ज्ञान, योग आदिभन्दा भक्तिलाई प्रधानता दिइनुको विशेष अर्थ छ । ज्ञान, योग आदिको माध्यमबाट जाँदा साधकमा विशेष योग्यता हुनु जरुरी छ । यता भक्तिमा आफूलाई समर्पित गरे पुग्ने भएको हुनाले यो बाटो सहज छ। खासगरी आफूलाई निशस्त्र, असहाय, पीडित, शोषित, कमजोर महशुश गरिरहेकाहरूका निमित्त त झन् भक्ति एकमात्र उपाय हो।

तपस्वी र तथा ज्ञानी कर्मी भन्दा ठूलो भनी।
योगी मानिन्छ, यै निंति बन योगी तिमी पनि॥
योगीमा पनि त्यै योगी साह्रै युक्त ठहर्दछ।
जो अन्तरात्मा मैमा दी श्रद्धाले भक्ति गर्दछ॥
– कोमलगीताबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहींनेर बुझ्नैपर्ने कुरा के छ भने भक्तिलाई श्रेष्ठ भन्नुको तात्पर्य ज्ञान, तपस्या, योग, ध्यान आदिलाई कम मूल्याङ्कन गरेको होइन । ती प्रत्येक श्रेष्ठ छन् । तथापि, भक्तिमार्गको अवलम्बन गर्न जति सहज/सुगम छ, अरु मार्ग त्यति सहज नभएका हुँदा भक्ति-तत्वलाई अपनाउनमा जोड दिइएको हो । सिद्धिको लागि प्रयत्न गर्ने हजारौंमा कोही-कोही मात्र सिद्धि प्राप्त गर्दछन् र तीमध्येमा पनि कोही मात्र परमात्मा परब्रह्मलाई तत्वपूर्वक जान्ने हुन्छन् भन्ने भनाइ प्रसिद्ध छ । यता भक्ति-मार्गमाचाहिँ प्रत्येक भक्त 'मोक्ष'को अधिकारी हुने सुनिश्चितता हुन्छ ।

भक्ति-तत्व मोक्ष प्राप्त गर्ने विभिन्न उपायहरूमध्ये सबैभन्दा सहज उपाय हो र भक्तिको साथसाथै ज्ञान, तपस्या, योग, ध्यान आदि पनि हुनु उत्तम हो । निश्चयनै भक्ति भावनात्मक तत्व हो; तर यो भावनात्मक कुरो मात्र चाहिँ होइन । जसरी लौकिक (व्यावहारिक) जीवनमा प्रियतमको चर्चाले प्रियतमालाई तथा प्रियतमाको चर्चाले प्रियतमलाई रोमाञ्चको अनुभूतिले तिन्को आन्तरिक प्रेमभावको पहिचान हुन्छ; त्यसरी नै भगवत्कथा श्रवण, नाम-कीर्तन, सत्सङ्ग आदिमा प्रेमभावात्मक सहभागिताले आन्तरिक भक्तिभावको बाह्य चिह्निकरण हुन्छ । अर्थात्, हुन त भक्ति मानवको अन्तर्हृदयमा निहीत हुन्छतापनि उसको आनीबानी, रहन-सहन, आचार-व्यवहारमा दैनिक जीवनमा त्यो प्रकटित भइरहेकै हुन्छ । साथै, दैनिक जीवनका व्यवहार, रहन-सहन आदिको असर अन्तर्हृदयमा पनि पर्ने हुँदा यदि ईश्वरीय भक्तिप्रति अन्तर्हृदयलाई लगाउने हो भने सर्वप्रथम आफ्नो दैनिक जीवनका व्यवहार, रहन-सहन आदिलाई त्यसअनुकूल बनाउनु आवश्यक हुन्छ । नाम-कीर्तन, सत्सङ्ग आदिमा प्रेमभावात्मक सहभागिता भक्ति-तत्व प्राप्त गर्नमा सहायक हुनेहुँदा हामीले नाम-कीर्तन, सत्सङ्ग जस्ता कार्यमा सक्रियतापूर्वक लाग्नु पर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(५)

कतिपय भक्तले आफूलाई भगवान्‌को चरणदास वा दासी भन्ने गरेको पाइन्छ । उनीहरूलाई त्यसो भनेर सुख मिल्छ होला । तर यसको मतलब भगवान् र भक्तबीचको सम्बन्ध मालिक र नोकरको जस्तो पटक्कै होइन । मालिक र नोकरको सम्बन्धको आधार प्रेम हुँदैन । हो, मालिकप्रति नोकरको अनुराग, श्रद्धा हुनसक्छ; अनि मालिकले पनि आफ्नो नोकरलाई मन पराएको हुनसक्छ; तर यो सम्बन्धमा आफ्नो स्वार्थ हुन्छ । आफूलाई गरिने व्यवहार अनुसार ऊप्रति द्वेष, इर्ष्याभाव पनि आउँछ । यो प्रेमको लक्षण होइन, तसर्थ भक्ति होइन । भक्ति भनेको गुलामी होइन, दासता होइन; अनन्य प्रेमभाव हो । श्रद्धा र भक्ति उस्तै-उस्तै लाग्नपनि सक्छ । तर, श्रद्धा र भक्ति एकै होइनन् । 'श्रद्धा' हुँदैमा 'भक्ति' हुन्छ भन्न सकिँदैन; तर 'भक्ति' भन्नासाथ 'श्रद्धा'पनि स्वतः पर्छ । भक्तिमा त भक्त तद्रूप हुन्छ –स्वराड् हुन्छ । आत्मा र परमात्माको ऐक्यता हो भक्तिको प्राप्ति ।

भक्तिरसमा भक्तले सम्पूर्ण जगत्‌लाई ईश्वररूप देख्दछ । तसर्थ सच्चा भक्तको हृदयमा सारा जगत्‌प्रति प्रेमभाव हुन्छ । यही कारणले एउटा भक्त सबैको सुहृद् हुन्छ, सबैको मित्र हुन्छ । आध्यात्मिकताको उज्यालोले हृदय प्रकाशित भएका भक्तहरू मानवताका प्रतिमूर्ति हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परब्रह्म परमात्मा भगवान् एक हुनुहुन्छ । उहाँ सारा प्राणीको पिताजी हुनुहुन्छ, उहाँ माताजी हुनुहुन्छ र उहाँ हाम्रा बन्धु-बान्धव पनि हुनुहुन्छ । उहाँलाई अनेक नामले, अनेक रूपले हामी आराधना गर्न सक्छौं । यो सारा संसार नै उहाँको विभूति हो । अनि, उहाँले मानव कल्याणका लागि विविध अवतारहरूका रूपमा, विविध स्वरूपमा आफूलाई प्रकटित गर्नुभएको छ । तसर्थ, परमात्माप्रतिको भक्ति भन्नु उहाँका विविध अवतारहरूप्रति / विविध स्वरूपप्रति पनि भक्ति हो । सबै विभूतिप्रति कुनै भेदभावबिना पूर्ण भक्तिभाव राख्नु पर्छ । अनि आफ्नो सम्प्रदायमा कुनै विभूति-विशेषलाई मान्दै आएको परम्परा छ भने अर्को व्यक्तिले कुनै अर्कैचाहिँ विभूति-विशेषलाई आराधना गरेको स्वाभाविक मान्नु पर्छ । ईश्वरका जुन-कुनै स्वरूपलाई मानेपनि उहाँप्रतिको भक्ति पराभक्ति नै हो भन्ने बुझ्नु पर्छ ।

भक्तिमा भावनापक्षका साथमा भौतिकपक्ष पनि सम्बद्ध हुन्छ, किनकि भक्त पनि यसै समाजको एक अङ्ग भएकाले त्यसबाट निरपेक्ष रहँदैन । सत्सङ्ग एवम् नाम-संकीर्तन जस्ता कार्यको भक्तिसँग नजिकको अन्तर्सम्बन्ध छ । भजन-कीर्तनले ईश्वरप्रति अनुराग हुनेहुँदा भगवन्नाम-श्रवण-वन्दन आदि क्रियालाई भक्तिको स्वरूप मानिन्छ । भगवान्प्रति समर्पित भजन, कीर्तन, व्रत, नमस्कार, ध्यान, याग (पूजा), ज्ञानयज्ञ, दान आदि सबका सब पराभक्तिका अङ्ग हुन् । यी कार्यहरूद्वारा पापक्षयपूर्वक अन्तःकरणको शुद्धि हुने साथै परमात्मा-भक्तिमा प्रेरित होइने हुनाले यी सब श्रेष्ठ कार्य हुन्, पवित्र कार्य हुन् ।

पराभक्तिका साधन कीर्तन आदि अनुष्ठान यथासमयमा गर्न सकिन्छ । अर्थात्, यतिनै बेला यस्तो गर्नैपर्छ भन्ने नियमले भन्दापनि जब जुन साधन सम्भव हुन्छ; त्यो गर्नु पर्छ । आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लौकिक दैनिक कार्य व्यवहारका साथसाथै भजन-कीर्तन गर्न सकिन्छ। भक्तिका निमित्त कुनै साइत जुराइरहनु पर्दैन; हामीले परमात्मा परमेश्वर परब्रह्मका स्वरूपको भक्ति गर्न चाहेमा हरेक क्षण उपयुक्त छ भक्तिका निमित्त त।

सर्वकर्मार्पण अर्थात् आफ्ना सम्पूर्ण कर्म ईश्वर-अर्पित गर्नाले कसरी पराभक्ति प्राप्त हुन्छ त भन्दाखेरीमा परमात्मालाई समर्पित गरिएको कर्म बन्धनकारक हुँदैन र त्यसको अबन्धकता नै पराभक्तिको प्राप्तिको द्वार हो। यसैलाई गीतामा 'कर्मयोग' भनिएको छ। ध्यानको नियम यस कारणले बताइन्छकि योद्वारा ध्येयको स्वरूपमा चित्त राम्ररी लागोस्। यही ध्यानको फल हो। यसरी ध्यानले भगवान्को स्वरूपलाई साक्षात्कार गराउने हुनाले यसलाई पराभक्तिको प्राप्तिमा सहयोगी मानिएको हो। गीतामा भगवान्को वचन छकि मेरो जुन भक्त मलाई पत्रम्-पुष्पम् आदिले उपलक्षित सबै प्रकारका दान अर्पण गर्दछ; त्यो म प्रेमपूर्वक ग्रहण गर्दछु। यसबाट के बुझिन्छभने दान पनि भगवत्प्राप्तिको साधन हो। यसरी स्पष्ट हुन्छ– दान पनि पराभक्तिकै अंग हो।

पूजा, यज्ञ, व्रत आदिले पनि आन्तरिक तथा बाह्य दुवै तरिकाले शुद्धिकरण गर्दै मानवलाई परमात्मा प्राप्तितर्फ लैजान्छन्। पूजा, यज्ञ, व्रत आदि गर्दा यिनकालागि निश्चित गरिएका विधानहरू त्रुटीरहित तवरले गरिऊन् भन्ने मान्यता छ। त्रुटीरहित तरिकाले गर्दा पूजा, यज्ञ, व्रतादि अत्यन्त फलदायी छन्; तर त्रुटीयुक्त हुँदाचाहिँ जे फल हुनुपर्ने हो – त्यो नहुन सक्छ। किनकि जसरी बिजुली बत्ती बल्न 'सर्किट' मिल्नु पर्छ र यदि नमिलेमा विद्युत प्रवाह हुन नसकी बिजुली बत्ती बल्न सक्दैन –त्यस्तै त हो नि ! यता भगवन्नाम-स्मरण, भजन-कीर्तन चाहिँ सहज तवरले गर्न सकिने हुँदा यिनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष महत्व छ । हात-खुट्टा काममा व्यस्त छन् भने पनि मुखले भगवान्को नाम उच्चारण गरिरहन सकिन्छ । अथवा, शरीरका सम्पूर्ण अङ्ग काममा लागेका छन् भने पनि मनले परब्रह्म-परमात्मा स्मरण गर्न सकिन्छ । भजन, कीर्तन, व्रत, यज्ञ, ध्यान, याग, सर्वकर्मार्पण, दान आदि सबका सब गर्न नसके तापनि तीमध्ये कुनै एकको मात्र पनि विशेष रूपले अनुष्ठान गर्नाले भक्ति हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(६)

स्थूल, सूक्ष्म र कारण, यी तीन प्रकारका शरीर हुन्छन् र यी तीनओटै शरीरको संसारसँग अभिन्न सम्बन्ध छ । एकजना महात्माजीको भनाइ यहाँनेर उल्लेखनीय छ । यी तीनओटै शरीरलाई अरुको सेवामा लगाइदिने –यो कर्मयोग भयो; स्वयम् यीबाट असङ्ग भएर आफ्नो स्वरूपमा स्थित हुनु –यो ज्ञानयोग भयो; र स्वयम् भगवान्मा समर्पित हुनु –यो भक्तियोग भयो । यी तीन योगहरू सिद्ध गर्नकालागि मनुष्यलाई तीन शक्तिहरू प्राप्त छन् ।

(क) गर्ने शक्ति (बल)

(ख) जान्ने शक्ति (ज्ञान)

(ग) मान्ने शक्ति (विश्वास)

बल निःस्वार्थ भावले संसारको सेवा गर्नकालागि हो, जुन कर्मयोग हो । त्यस्तै, ज्ञान आफ्नो स्वरूप जान्नकालागि (आत्मज्ञान प्राप्त गर्न) हो, जुन ज्ञानयोग हो । अनि, मान्ने शक्ति परमात्मालाई आफ्नो तथा आफूलाई परमात्माको मानेर सर्वथा परमात्मा परब्रह्मतत्वमा समर्पित हुनकालागि हो -जुन भक्तियोग कहलाउँछ ।

जसमा कर्म गर्नका निमित्त क्षमता पनि अधिक् छ र गर्ने रुची पनि छ; उसले कर्मयोगबाट परमात्मा प्राप्त गर्न सक्दछ । 'सेवा नै धर्म हो' एवम् 'मानव सेवा नै माधव सेवा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो' भन्ने भनाइलाई कर्मयोगीले सार्थक पार्दछ । जसमा आफैले आफूलाई चिन्ने/जान्ने जिज्ञासा अधिक् छ, ऊ ज्ञानयोगको अधिकारी हुन योग्य हुन्छ । जसमा परमात्मा परमेश्वरप्रति प्रेम छ; उसले चाहिँ भक्तियोगको बाटोबाट मोक्ष पाउन सक्दछ । यी तीनओटै योग स्वयम्मा श्रेष्ठ छन् । साधकको योग्यता, क्षमता, परिस्थिति अनुसार जुन-कुनै साधन अवलम्बन गरेपनि हुन्छ ।

कर्म, ज्ञान, भक्ति परमात्म-प्राप्तिका स्वतन्त्र साधन हुन् । अन्त्यमा सबै साधनबाट एकै परमात्म-तत्वको नै प्राप्ति हुने हो । यही परमात्म-तत्वको प्राप्तिलाईनै गीताले 'योग' भनेको छ । परमेश्वरको अनुष्ठानका निमित्त कुनचाहिँ साधन रोज्ने भन्ने कुरा त आफ्नो परिस्थिति/ परिवेश अनुरूप आफैंले निर्णय लिने हो । जे होस्, वर्तमान कालमा संसारको जुन परिस्थिति /परिवेश छ त्यसलाई विचार गर्दा भक्तियोग नै मानवका निमित्त उपयुक्त साधन हुने देखिन्छ ।

भक्तियोगमा जगत्लाई स्वीकार गर्दै, आफ्ना सम्पूर्ण लौकिक कर्तव्य पालना गर्दै परमात्म-तत्व आत्म-साक्षात्कार गर्न अभिप्रेरित गरिन्छ । धर्म गर्न जगत्बाट टाढिनु पर्दैन । धर्म त जीवन-पद्धति हो र यस पद्धतिलाई भक्तिमार्गले राम्ररी सिकाउँछ । यो सम्पूर्ण विश्व भजनीय-भगवान्बाट अभिन्न छ । सबैथोक उनको नै स्वरूप हो । भगवान्की ऐश्वर्यशक्तिको नाम हो – 'माया' । माया पनि भगवान्बाट भिन्न छैन । माया पनि भगवान्कै स्वरूप हो । अनि, हामी प्रत्येक जीवमा पनि परमात्माको व्याप्ति छ । कोही पनि परब्रह्मबाट भिन्न छैन । ब्रह्मसूत्र (वेदान्त-दर्शन)मा व्यासजीले पनि भन्नुभएको छकि जीव समुदाय परब्रह्मको पराप्रकृतिको समूह हो; यसैले उनैको अंश हो र यस दृष्टिले परब्रह्मबाट अभिन्न छ । प्रश्नोपनिषद्मा सुकेशाको प्रश्नको उत्तरमा पिप्पलादले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'परमात्मा परब्रह्मलाई आफैभित्र खोज्नू' भनेको कुरा यहाँ सान्दर्भिक छ । गीतामा पनि भनिएको छ–

पार्थ ! ईश्वर साराको स्वयम् हृदयभित्र छ ।
यन्त्रारुढ सबैलाई मायाले त्यो घुमाउँछ ॥
(कोमलगीताबाट)

जसरी भूतद्रव्य (पदार्थ) आफ्नो कारणमा लय हुन्छ (उदाहरण : घैंटो फुटेपछि माटोमा लीन हुन्छ), त्यसरीनै प्रत्येक व्याप्य वस्तु आफ्नो व्यापक कारण-तत्वमा विलीन हुन्छ । यो सम्पूर्ण जगत् ईश्वरद्वारा सृजित भएकाले ईश्वरमै लय हुने तथ्य स्पष्ट छ । हाम्रो परमलक्ष्य, परमगन्तव्य तथा परमप्राप्ति परमात्मा नै हुनुहुन्छ ।

जीव र ईश्वर एकै हुँदाहुँदै पनि उपाधिको संयोगले तिन्मा नाना तत्वको प्रतीति हुन्छ । यदि वास्तविक रूपमा रहेको एकत्वको बोध गर्ने होभने सर्वप्रथम ती विविधता बोध गराउने उपाधिहरू भङ्ग हुनु जरुरी हुन्छ । ठीक उसरीनै– जसरीकि एउटै सूर्य, पानीले भरिएका भिन्दाभिन्दै भाँडाहरूमा पृथक् पृथक् प्रतिबिम्बित हुँदा अनेकझैं प्रतीत हुन्छ; परन्तु जलपात्र (पानी भरिएका भाँडा) रूपी उपाधि नरहँदा ती प्रतिबिम्बहरू पनि देखिँदैनन् र सूर्य पनि एक नै रहन्छ वा छ । हामीले बुझ्नुपर्ने कुरा छकि चैतन्य-प्रकाशरूपले सबै जीव ईश्वरबाट अभिन्न छन् ।

जीवको संसार-बन्धन 'योग' को अप्राप्तिका कारणले हो । यदि भोगवाद छाडेर योगवादको मार्ग अवलम्बन गर्ने होभने मानवलाई सत्-चित्-आनन्द (सच्चिदानन्द) को प्राप्ति सहज छ । भक्ति-तत्वको मार्गमा आफूलाई लीन गराउनासाथ एवं पराभक्तिका माध्यमले तत्वज्ञानको उदय भएपछि विकार बुद्धिको लय हुन्छ र सर्वत्र परमात्माको साक्षात्कार हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वर नै जगत्का स्रष्टा, पालक, सञ्चालक हुनुहुन्छ। परमात्मा नै हाम्रा पिता हुनुहुन्छ; माता हुनुहुन्छ र उहाँनै हाम्रा बन्धु, साथी हुनुहुन्छ। प्राप्त गनुपर्ने सबैभन्दा मूल्यवान् तत्व पनि उहाँ नै हुनुहुन्छ । ज्ञानमध्ये परमज्ञान, धनमध्ये परम्धन, तत्वमध्ये परम्तत्व उहाँनै हुनुहुन्छ। रुचिको भिन्नता वा वैचित्र्यका आधारमा अनेकौं पथ, पद्धति अथवा धार्मिक परिपाटीमा बाँडिने मनुष्यहरूका लक्ष्यबिन्दु वा प्राप्यवस्तु एकमात्र परमात्मा परब्रह्म मात्रै हुनुहुन्छ, जस्तो कि विभिन्न प्रकारका रूपाकृतिमा बाँडिएर बग्ने अनेकौं नदीनालाहरूको पानीको एकमात्र गन्तव्यस्थल वा प्राप्यवस्तु एउटै समुद्र हो।

"ईश्वर कहाँ छन् ?" भन्ने जिज्ञासाले मानवलाई सृष्टिको उषाकालदेखिनै अभिप्रेरित गरेको छ। प्रश्नोपनिषद् एवं छान्दोग्योपनिषद्मा परमात्माको स्थान हृदय बताइएको छ; अर्थात्, आफूभित्रै ईश्वरलाई खोज्नुपर्ने भनिएको छ। साथै, उनको गुणानुवाद गर्ने क्रममा यत्रतत्र श्रुतिहरूमा भनिएको छकि उनी सर्वव्यापी छन् । यसको अर्थ केभने परमात्मा परमेश्वर प्रत्येक प्राणीको हृदयमा पनि छ र बाहिर पनि छ; अतः ईश्वर सर्वत्र छ । ईशावास्योपनिषद्मा पनि भनिएको छ – ईश्वर प्रत्येक प्राणीको हृदयमा पनि छ, अनि सर्वत्र छ। हामीले आफ्नै हृदयमा दृष्टि पुऱ्याउन सक्यौंभने उनलाई स्वयम्मा आत्म-साक्षात्कार गर्न सक्छौं र बाह्य जगत्मा पनि उनलाई जहाँकहिँ पनि साक्षात्कार गर्न सकिन्छ । परमात्म-तत्व साक्षात्कार गर्न भक्तिमार्ग अवलम्बन गर्नु आवश्यक छ। भक्तियोग सांसारिक कर्तव्य पालन र आध्यात्मिक जीवन दर्शन बीचको सुन्दर समन्वय हो।

जो सर्वशक्तिमान् परात्पर परमेश्वर जगत्को सृष्टि, धारण, पोषण तथा सञ्चालन गर्दछ; फेरि प्रलयकालमा जो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समस्त विश्वलाई आफूमा तद्रूप गराउँछ; त्यो 'ब्रह्म-तत्व' लाई अनेकौं संज्ञाहरूले चिनिन्छ । परमात्मा, ईश्वर, भगवान्, प्रभु, परम्पिता, जगत्माता– जसरी सम्बोधन गरेपनि हुन्छ । उनैलाई शिव, विष्णु, शक्ति, राम, कृष्ण, सूर्य, अग्नि आदि पनि भनिन्छ । उनी सबैका आदि, सबैभन्दा विराट्, सर्वाधार, सर्वज्ञ, सर्वव्यापी, सर्वरूप छन् । यो दृश्यमान् जगत् उनको अपार शक्तिको दिग्दर्शन हो ।

परब्रह्म परमेश्वर सम्पूर्ण जगत्का कर्ता भएर पनि अकर्ता हुनुहुन्छ । उहाँ सर्वशक्तिमान् एवं सर्वरूप भएर पनि सर्वथा अतीत र असङ्ग हुनुहुन्छ । सर्वगुण सम्पन्न भएर पनि निर्गुण, ससस्त विशेषताहरूले युक्त भएर पनि निर्विशेष हुनुहुन्छ। ती एक देव नै सब प्राणीहरूमा स्थित, सर्वव्यापी र समस्त प्राणीका अन्तर्यामी, उनीनै सबैको कर्मका अधिष्ठाता, सम्पूर्ण प्राणीका निवास-स्थान, सबैका साक्षी, चेतनस्वरूप, सर्वथा विशुद्ध र गुणातीत छन् भन्ने भनाइ श्वेताश्वतर उपनिषद्को छ । यसैगरी माण्डुक्योपनिषद्मा भनिएको छ– उनी सबैका ईश्वर हुन्, सर्वज्ञ हुन्, सबका अन्तर्यामी हुन्; उनी सम्पूर्ण जगत्का कारण हुन्; किनकि समस्त प्राणीहरूका उत्पत्ति, स्थिति र प्रलयका स्थान उनै हुन् । हामीलाई तैत्तिरियोपनिषद्ले निर्देशन दिएको छ– यी सबै प्रत्यक्ष देखिनेवाला प्राणी जसबाट उत्पन्न हुन्छन्, उत्पन्न भएर जस्को सहारामा जीवित रहन्छन् तथा अन्तमा जसमा लय हुन्छन्, उनलाई जान्ने इच्छा गर; उनै ब्रह्म हुन् । त्यही ब्रह्मतत्व साक्षात्कार गर्नुनै मानव जीवनको परम्लक्ष्य हो । भक्तियोगको परम्लक्ष्य पनि त्यही ब्रह्मतत्व साक्षात्कार गराउनु हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(७)

ईश्वर-उपासना जति बेला जहाँ पनि गर्न सकिन्छ– यदि समय, परिस्थिति, परिवेश, स्थान तदनुकूल छ भने । यस सन्दर्भमा ब्रह्मसूत्रमा पनि चर्चा गरिएको छ । मनको अनुकूल स्थानका निमित्त श्रुतिको आज्ञा प्राप्त भएकाले यही सिद्ध हुन्छ कि जहाँ सहजै मनको एकाग्रता हुन्छ, यस्तो जुन-कुनैपनि पवित्र स्थान उपासनाका लागि उपयोगी हुन्छ । अतः यदि आफ्नै घर तथा कार्यालयमा पनि अनुकूल स्थिति छ भने त्यही नै पनि उपासनाका निमित्त उपयुक्त स्थान हुन्छ । पवित्रता छ भने घर पनि मन्दिर बन्छ; अपवित्रता भए मन्दिर भनाइएको ठाउँ पनि मन्दिर बन्न सक्दैन । नाम मन्दिर भएर मात्र भएन, रूप हेर्दा मन्दिरको भएर मात्र पुग्दैन; वातावरण पनि मन्दिर बन्न सुहाउँदो हुनुपर्‍यो नि !

भक्तियोग सहज, सुगम छ भन्नाको तात्पर्य यहाँ जे गरेपनि हुन्छ भन्ने होइन । शारिरीक, मानसिक स्वस्थताका लागि गरिनुपर्ने कार्यहरू त गर्नै पर्छ । खानामा भक्ष्य-अभक्ष्यको ख्याल अवश्य गर्नु पर्छ । हो, जुन बेला तुरुन्त खाना ग्रहण नगर्दा प्राण समेत नबच्ने स्थिति छ, त्यसबेला भक्ष्याभक्ष्यको विचार गौण हुन्छ र प्राप्त वस्तु ग्रहण गरेर प्राण बचाउनु पर्ने हुन्छ । तर साधारण परिस्थितिमा मानिसले आफ्नो आचार तथा आहारको पवित्रता संरक्षण सम्बन्धी नियमको त्याग कदापि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नु हुँदैन । श्रुतिको कथन पनि यही छ । आहार-शुद्धिले नै अन्तःकरण-शुद्धि हुन्छ (छा.उ. ७।२६।२) इत्यादि शास्त्रवचनको परिपालना गर्नका निमित्त, आपत्तिकालमा बाहेक अन्य अवस्थामा भक्ष्याभक्ष्यको विचार गर्नु पर्छ र अभक्ष्य भोजन गर्नु हुँदैन । मनुस्मृतिमा भनिएको छकि जो मनुष्य प्राण संकटमा पर्दाखेरी जहाँकहीँबाट पनि खाना खाएर प्राण बचाउँछ, ऊ पाप-लिप्त हुँदैन; तर प्राण नै जाने परिस्थिति नहुँदा सम्म आहार-शुद्धि सम्बन्धी सदाचारको परित्याग गर्नु हुँदैन । भक्तिको निर्मल-मार्गमा अन्तःकरणको साथसाथै देहको पनि निर्मलताको विशेष महत्व छ ।

मानिसले अनाधिकारपूर्वक सृष्टिका सारा वस्तुहरूमाथि अधिकार गर्नु (जस्तै : आफ्नो बुद्धिको दुरुपयोग र विवेकको अनादर गर्दै अरु प्राणीलाई मारेर मांस भक्षण गर्नु) अनैतिक कार्य हो । यस्ता कार्यबाट हामी बच्नु पर्छ । मानवले आफ्नो बुद्धि, बल, क्षमतालाई असल कार्यमा लगाउनु पर्छ । मानवले आफ्नो विवेकको आदर गर्नैपर्छ ।

जो जति क्षमतावान् हुन्छ, उसको उत्तिनै बढी मात्रामा दायित्व एवं कर्तव्य पनि हुन्छन् । यदि मानव सृष्टिकों सर्वोत्तम वा सर्वोच्च प्राणी होभने उसको दायित्व एवं कर्तव्य पनि त सर्वोत्तम वा सर्वोच्च तहकालागि सुहाउँदो हुनुपर्‍यो नि ! आफ्नो दायित्व एवम् कर्तव्य निर्वाह गर्नुमा पनि भगवान्को पूजासरी सत्कर्म छ । अकर्मण्यता आध्यात्मिकता होइन; पलायनलाई आध्यात्मिकताको खोल ओडाउनु व्यर्थ हो । कर्ममै सुपूजन छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(८)

जसरी सूर्योदय हुनासाथै औंसीको अन्धकार नष्ट हुन्छ, त्यसरीनै आध्यात्मिकताले हृदय उज्यालिएको मान्छेको दुःख समूल नष्ट हुन्छ। ऊ सदा आनन्दमय हुन्छ। प्रभुको कृपाको कुनै सीमा छैन र त्यस्ता कृपालु प्रभुको छत्रछायामा आनन्दको रत्तिभर अभाव छैन –जस्तोकि सूर्यसँग प्रकाशको अभाव छैन।

केवल परमात्मा मात्र यस्तो छ जो जीवनमा पनि साथ रहन्छ र मृत्युमा पनि साथ रहन्छ। अरु कोही यस्ता छैनन् जोसँग एकपटक वियोग नहोस्। फगत् ईश्वरीय तत्व मात्र सदा सुखदायी छ। तब किन क्षणभंगुर सुखभन्दा अक्षय सुख नरोज्ने ?

सर्वप्रथम त हामी विश्वासी हुनुपर्छकि प्रभुले हामीलाई अपनाउनु भएको छ र हामी आफूलेपनि उहाँलाई प्रेम गरेका छौं। प्रेमको सर्वाधिक उच्चता ईश्वरीय भक्तिमा त छ। सांसारिक प्रतिकूलताको कुनै असर नपरोस् भक्तिमार्गमा।

यहाँनेर म मेरा पिताजी पं. रुद्रमणि अधिकारी उपाध्यायद्वारा रचित एक गीत सम्झिरहेको छु –

रे मन यसरी लट्ठ नहो है, सब चीज छोडी हरि हरि भन्॥
तँलाई आखिर आतुर पर्दा, हरिले तेरो हित गर्छन्॥ १॥
सबै जगत् यो नाटक घर हो, हामी सबैजन नटुवा हौं॥
नाटक सकिने समय भएमा, हरि हरि सब नै बटुवा हौं॥ २॥ रे मन ...
जबतक नाटक खोल्दछ प्रभुले, तबतक हामी नटुवा हौं॥
नाटक सकिने समय भएमा, सबका सबनै बटुवा हौं॥ ३॥ रे मन ...

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सपनासरिको सम्पत्ति बुझिले, फूलसरिको जीवन हो ॥
बिजुलीसरिको आयु छ सबको, ढुक्क परेको छस् किन हो ॥ ४ ॥ रे मन ...
शरीरतकपनि संगमा नलिई, जानुछ केवल एकल भै ॥
तसर्थ नभुली बटोलिकन राख्, पछिका सब सामल अहिल्यै ॥ ५ ॥ रे मन ...
दिन रात बिहान र साँझ बित्यो, भनिकन भन्छस् के तइँले ॥
चुहुने घटको पानी चुहेझैं, आयु गएको हो बुझिले ॥ ६ ॥ रे मन ...
लख्खन योनि घुमिकन आई, पाइस् जीवन मानवको ॥
पशुझैं केवल खाने चीजमा, भुलेर नबिता जीवन यो ॥ ७ ॥ रे मन ...
अनेक जुनिको धर्म जुटिकन, जन्म भयो मानवको ॥
शास्त्र बिचारी तत्व बुझिकन, मुक्त हुने हो काम यसको ॥ ८ ॥ रे मन ...

पिताजीले यहाँ 'हरि हरि भन्' भन्नु भएको विकल्पमा कसैले के भन्ला त अर्कोले अर्कै थोक बुझ्न चाहला । तर 'मानव जीवनको लक्ष्य मोक्ष हो' भन्ने मूल मर्म यसको हो । सन्दर्भलाई केन्द्रीकृत गर्दाखेरीमा सवाल "कुनचाहिँ रोज्ने ?" भन्ने हो । अक्षय सुखलाई लक्ष्य बनाउने वा क्षणिक सुखमा अल्झने ? भोगवाद छाडेर योगवाद रोज्नुको अर्थ अक्षय सुख रोज्नु नै हो । त्यसका लागि भक्तिमार्ग उत्तम विकल्प हो ।

भक्त त कति सुखी हुन्छ भने सांसारिक सम्बन्ध र कर्ममै व्यस्त हुनु परे तापनि सांसारिक प्रतिकूलताहरूले उसलाई असर पुऱ्याउन सक्दैनन् । उदाहरणका लागि चाणक्यले भनेकै छन्– जसरी फूलको गन्धलाई माटोले ग्रहण गर्दछ, तर माटोको गन्धलाई फूलले ग्रहण गर्दैन, त्यसै गरी साधुको सङ्गतले दुर्जनहरूमा साधुता आउँछ, तर साधुमा दुष्टका सङ्गतले असाधुता आउँदैन । (चाणक्यनीति १२।७)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(९)

भक्तिमार्ग समतावादी छ । वास्तविक मानवतावाद जाग्रत गराउँछ भक्तिले । सारा संसारलाई नै ईश्वरीय-तत्व-युक्त देख्ने हुँदा सबैप्रति श्रद्धा एवं प्रेमभाव रहने हुन्छ । एउटा भक्त आफ्नो प्रत्येक लौकिक कार्य प्रेमपूर्वक गर्दछ । तसर्थ ईश्वरभक्तहरू असल कर्म-कर्ता पनि हुन्छन् ।

कतिपयलाई भ्रम परेको हुन सक्छ कि भक्ति भन्नासाथ संसारका सामाजिक, व्यावहारिक, लौकिक कार्यहरू चटक्कै छाडेर भजन, कीर्तन, पूजापाठ आदिमा मात्र मस्त हुने । तर त्यसो होइन । आफ्नो कर्म छाड्ने होइन । आफ्नो कर्म छाडेर, अकर्मण्य बन्ने होइन; बरु कर्मरत रहेर भगवद्भक्ति गर्ने हो । जस्तोकि, तपाईं एउटा किसान हुनुहुन्छ भने भक्ति गर्ने भनेर जमीन खनजोत गर्न, बीज लगाउन, परिश्रम गर्न नै छाड्नुभो भने त कहाँ हुन्छ र ! तपाईंले आफ्नो काम त गर्नै पर्छ र कामलाई नै ईश्वरपूजा सम्झेर कर्मरत रहँदै नाम-स्मरण गर्नुभएमा त्यो भक्ति नै हो ।

यथासम्भव पूजा, पाठ, ध्यान, जप, यज्ञ आदिपनि गर्नुपर्छ र ती कार्यका निमित्त अनुकूलता छैन भने पनि भजन-कीर्तन अथवा मनमा भगवान्को स्मरण गर्न त जसले पनि सक्छ । यदि कसैले परमात्माको स्मरण सम्म मात्र पनि गर्दैन भने त्यसको मानव जीवन व्यर्थ छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झन्, कसैले नास्तिकता अँगालेर ईश्वरप्रति द्रोह वा द्वेषभाव राख्छ भने त्यस्तो व्यक्ति त नराधम हो । अनुहार मान्छेको भए तापनि नास्तिक व्यक्ति मानवताबाट च्यूत भइसकेको हुन्छ । यदि कोही व्यक्ति मानवताबाट च्यूत भएको छैन भने त उसले परमात्मा परमेश्वर प्रति द्वेष तथा द्रोहभाव राख्दैन । आध्यात्मिकता, भगवद्भक्ति एवं ईश्वर र उनको सृष्टिप्रति अनन्य प्रेम– यो मानव जीवनको स्वाभाविकता हो ।

भक्तिको निर्मल-मार्गमा सबैको समान अधिकार छ । के धनी, के गरीब, के विद्वान, के मूर्ख, के मालिक, के नोकर, के शासक, के शासित, के उच्च, के नीच– यी त लौकिक जगत्का भेद हुन्; भक्तिको जगत्मा यस्ता भेदको कुनै मतलब छैन । भक्तिको जगत्मा सोधिने प्रश्नको विकल्प यत्ति हो : तिमी भक्त हौ वा होइनौ ? अनि सकियो । भक्तिमार्गमा सबै समान ।

भक्तिमार्गमा जातको बन्धन छैन । तिमी जुनसुकै जात, जातिमा जन्मिएको होऊ; भक्तिलाई के मतलब ? तिम्रो भक्ति बिना कुनै भेदभाव स्वीकार गरिन्छ । यहाँ रङ्गभेद पनि छैन । तिम्रो छाला कालो भएपनि, गोरो भएपनि भक्तिलाई त्यससँग कुनै सरोकार छैन । तिम्रो हृदय पवित्र छकि छैन ? यो पो हेर्दछ भक्तिले त । चाहे कालो रंगको व्यक्ति होस्, वा रातो रंगको होस् वा सेतो रंगको होस्, भक्तिमार्गमा एकै हो । भक्तिमार्गमा वर्णभेद पनि छैन । यहाँ लिङ्गभेद तथा वर्गभेद जस्ता पक्ष पनि बिल्कुल गायब छन् । भक्तिलाई यी भेदसँग के लिनु-दिनु छ ? भक्तियोगलाई त भक्तसँग रमाउनु छ । अरबपतिले करोड खर्च गरेर धर्मको ढौंग गरेको भन्दा सर्वहाराले भगवन्नाम-कीर्तन गरेको कार्य यशस्कर हुन्छ निर्मल-भक्ति-मार्गमा । भक्तिमार्गमा यो सोधिँदैनकि तिमीसँग धन-सम्पत्ति-पूँजी के कति छ ? यहाँ भक्तिको कसीमा परख गरिन्छ तिमीलाई ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को व्यक्ति कहाँ जन्मेको हो भन्ने कुराले पनि भक्तिमार्गमा भेद हुँदैन । अमेरिकी भएपनि, युरोपेली भएपनि, अफ्रिकी भएपनि, एशियाली भएपनि; नेपाल-भारतमा जन्मेपनि, चीन-जापानमा जन्मेपनि, अरबमा जन्मेपनि, बेलायत-अमेरिकामा जन्मेपनि त्यो तिम्रो नागरिताको प्रमाणपत्र लिँदा फरक पर्ने कुरा होला– भक्तिको साम्राज्यमा कुनै फरक पर्दैन । हिन्दू परिवारमा जन्मेको भएपनि, सिख परिवारमा जन्मेको भएपनि वा बौद्ध, जैन, मुस्लिम, इसाई, यहूदी जुनसुकै परिवारमा जन्मेको; जुनसुकै संस्कारमा हुर्केको भएपनि– भक्तियोगमा समान अधिकार छ तिम्रो । भक्तिमार्ग परम् समानतावादी मार्ग हो । भक्ति-तत्वलाई आत्मसात् गरेको हुनुपर्‍यो; बस्, पुगिहाल्यो ।

यहाँनेर भगवान् महावीरको भनाइ स्मरणीय छ– "जो मान्छे मेरो सम्प्रदायमा आऊ, मुक्ति हुन्छ; अन्यथा हुँदैन भन्छ र जो आफ्नो सम्प्रदायको प्रशंसा गर्दछ र साथै अर्को सम्प्रदायको निन्दा गर्दछ भने उसले असत्यको आचरण गरिरहेछ । मोक्षको अनुबन्ध कुनै सम्प्रदायसँग होइन, धर्मका साथ छ । जुन व्यक्तिलाई धर्म आत्मसात् भएको छ, ऊ चाहे जुनसुकै सम्प्रदाय वा देशको होस्, मुक्त हुनसक्दछ ।"

मान्छेलाई सृष्टिको सर्वाधिक् विवेकशील, ज्ञानवान् र बुद्धिमान् प्राणी भनिएअनुरूपको कर्म हामीले गर्नुपर्छ । आफूभित्रका शैतानी, पैशाचिक, राक्षसी, भूताहा तथा पशुवत् मनोवृत्तिलाई निराकरण गर्न, निषेध गर्न र अनुहारले मात्र नभई वास्तविक रूपमै मानव बन्न विविध उपायहरू अपनाउन सकिन्छ । तीमध्येको सहज, सुगम मार्ग हो– भक्तिमार्ग । अर्थात्, भक्तिमार्गमा आफूलाई समर्पित गरिसकेपछि कम्तीमा पनि हाम्रो मनुष्यत्व सार्थक हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तिमार्गको परम्प्राप्तिमा मानव स्वयम्नै परमात्म-स्वरूप हुनजान्छ । बुद्धले निर्वाण तथा शंकराचार्यले मोक्ष भनेर यही वास्तविकता बताउनुभएको हो । भक्तिको निर्मल-मार्ग अवलम्बन गरी मानव जीवनलाई सार्थक पारौं ।

कठोपनिषद्, द्वितीय अध्याय, तृतीय वल्ली, श्लोक ७–८ मा भनिएको छ :

इन्द्रियेभ्यः परं मनो मनसः सत्त्वमुत्तमम् ।
सत्त्वादधि महानात्मा महतोऽव्यक्त मुत्तमम् ॥
अव्यक्तात्तु परः पुरूषो व्यापकोऽलिङ्ग एव च ।
यं ज्ञात्वा मुच्यते जन्तुरमृतत्वं च गच्छति ॥

अर्थ : इन्द्रिय भन्दा मन श्रेष्ठ छ, मन भन्दा बुद्धि उत्तम छ, बुद्धि भन्दा त्यसको स्वामी जीवात्मा उच्च छ र जीवात्मा भन्दा अव्यक्त शक्ति (प्रकृति अथवा माया) उत्तम छ । परन्तु अव्यक्त भन्दा पनि परमात्मा श्रेष्ठ छन्, जो निराकार रूपले सर्वत्र व्याप्त छन् । यही ब्रह्मतत्वको ज्ञान भएर नै जीवात्मा मुक्त हुन्छ र अमृतस्वरूप ब्रह्ममा प्राप्त हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

विज्ञान के हो ? ज्ञानको खोजी गर्ने सुसङ्गत, प्रणालीबद्ध, वस्तुनिष्ठ, परीक्षणीय, विश्वास्य एवं प्रामाणिक पद्धति नै विज्ञान हो ।

धर्म के हो ? पद्धति, विधि, गुण, धारणा, चरित्र, आचारविचारको नियमन गर्ने नित्य सिद्धान्त नै धर्म हो ।

भक्ति के हो ? जीवन, जगत् र परमात्माको प्रेमको विशिष्ट स्वरूप नै भक्ति हो ।

धर्मले आधिभौतिक र आधिदैविक (मानसिक) जीवनलाई त नियमन गर्छ नै, आध्यात्मिक पुरुषार्थ (अर्थात् मोक्ष) पनि धर्मको पद्धतिको माध्यमबाटै प्राप्तव्य हो । धर्म सर्वोपरि हो किनभने यो पद्धति, नियम, सिद्धान्त, मार्गनिर्देशन हो र अर्थ, काम र मोक्ष त धर्मको पद्धति पूरा गरेपछि प्राप्त हुने पुरुषार्थ हुन् । यो मान्यताबाट हेर्दा, विज्ञान र भक्तिलाई धर्मकै अवयव देखिन्छ र व्यवहारतः कार्यान्वयन गर्न पनि सकिन्छ । विज्ञानको बुद्धि, प्रविधिको प्रगति, धर्मको विवेक र सहृदयताको सम्बन्ध (आधारशिला चतुष्टय) लाई अवलम्बन गर्ने हो भने मानव जीवनको लागि सम्पूर्ण प्रारूप प्राप्त हुने विश्वास हामीले लिएका छौँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ सामग्री सूची :-

अधिकारी, निर्मलमणि । वि.सं. २०६२ । *मीमांसादर्शन निर्देशन* । काठमाडौं : प्रशान्ति पुस्तक भण्डार ।

अधिकारी, निर्मलमणि । वि.सं. २०६९ । *सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा-दार्शनिक अध्ययन (विद्यावारिधि शोधप्रबन्ध)* । वसन्तपुर, काठमाडौं : नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र ।

अधिकारी, निर्मलमणि । वि.सं. २०७१ । *महान् दार्शनिक कुमारिल भट्ट र भाट्ट-मीमांसा-दर्शनको संक्षिप्त परिचय* । काठमाडौं : शिवप्रसाद गौतम, शान्तिदेवी गौतम र सुशील गौतम ।

अधिकारी, निर्मलमणि । वि.सं. २०७२ । *वेद र वैदिक हिन्दू धारा* । झापा : गङ्गादेवी चुडाल ।

अधिकारी, निर्मलमणि । वि.सं. २०७५ । *नेपालको पुनर्जागरणको अर्थ र आधार* । काठमाडौं : जरो किलो प्रतिष्ठान नेपाल ।

अधिकारी, निर्मलमणि । वि.सं. २०७६क । *सहृदयता दर्शनको प्राक्कथन* । भक्तपुर : सहृदयता समाज नेपाल ।

अधिकारी, निर्मलमणि । वि.सं. २०७६ख । *सञ्चार सिद्धान्तीकरण* । काठमाडौं : सञ्चारयोग मिडिया ।

अधिकारी, निर्मलमणि । वि.सं. २०७६ग । *वेदको सामान्यज्ञान* । काठमाडौं : जरो किलो प्रतिष्ठान नेपाल ।

आयोदधौम्य । वि.सं. २०५३ । *धर्म र विज्ञान* । पिपलटार, तनहुँ : तरङ्ग साहित्यिक अभियान ।

आयोदधौम्य । वि.सं. २०५७ । *आस्थाको शान्तियुद्ध* । विराटनगर : नेपाली भाषा संस्कृति परिषद् ।

आयोदधौम्य । वि.सं. २०६१क । *वैज्ञानिकतायुक्त धर्म धार्मिकतायुक्त विज्ञान* । काठमाडौं : युग निर्माण अभियान नेपाल ।

आयोदधौम्य । वि.सं. २०६१ख । *वैज्ञानिक सत्ययुगको आधारशीला* । काठमाडौं : युग निर्माण अभियान नेपाल ।

आयोदधौम्य । वि.सं. २०६१ग । *निर्मल-भक्ति-मार्ग* । काठमाडौं : युग निर्माण अभियान नेपाल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युगद्रष्टा निर्मलमणि अधिकारीका नवीनतम् कृतिहरु :







प्रगतिवादी युवा समाज नेपाल

9 789937 070140

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal